# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

वादविवाद रूपक विधाको एक उपविधा हो । वादविवादमा कुनै एक विषयमा पक्ष र विपक्षमा रहेर तर्कवितर्क तथा बहस गरिन्छ । यसमा कुनै विषय शीर्षकमा आधारित भएर उक्त विषय वा शीर्षकसँग सम्बन्धित मूल भाव वा विचारलाई व्यक्त गर्ने तथा विपक्षीका तर्क र विचारलाई तर्कपूर्ण ढङ्गले खण्डन गर्ने कार्य गरिन्छ ।

वादविवाद मौखिक अभिव्यक्ति/वक्तृत्व कला विकासको एउटा उच्चस्तरीय र महत्त्वपूर्ण कार्यकलाप हो । तार्किक अभिव्यक्ति क्षमता विकासका लागि प्रभावकारी मानिने यस कार्यकलापका माध्यमबाट अरूका कुरा ध्यान दिई सुन्ने र आलोचनात्मक दृष्टिले समर्थन वा खण्डन गरी आफ्ना तर्क प्रस्तुत गर्ने अवसर विद्यार्थीहरूले पाउँछन् । वादविवाद बौद्धिक कार्यकलाप भएकाले यसको विषय छनोटमा विद्यार्थीको भाषिक क्षमता, स्तर र परिचित सन्दर्भलाई विशेष जोड दिनु आवश्यक हुन्छ ।

वादविवादबाट तार्किक र बौद्धिक अभिव्यक्ति क्षमता विकासका साथै भाषेतर हाउभाउ सहित बोलीको आरोह, अवरोह, गति, यति र स्वर प्रसारण मिलाई श्रोताअनुकूल प्रभावकारी विचार सम्प्रेषण गर्ने क्षमताको विकास हुन्छ । कुनै कुरा वा विषयको तत्त्व निरूपणका निम्ति आफ्ना बुँदाको समर्थन र विपक्षीको बुँदाको खण्डन साथ गरिएको छलफल, तर्कवितर्क, विचार, विमर्श खण्डन, मण्डन, वाक्प्रतियोगिता हो ।

मानिस सामाजिक र चेतनशील प्राणी भएकाले समाजमा रहँदा उसले सामाजिक व्यवहार सञ्चालन गर्न तथा अरूले भनेका कुरा बुझ्न, ग्रहण गर्न अनि आफ्ना कुरा अरूलाई बुझाउन भाषाको प्रयोग गर्दछ । भाषा मानव समुदायको अनुभव र अनुभूतिहरूको सम्प्रेषण गर्ने सशक्त माध्यम भाषा हो । भाषाका दुई रूप हुन्छन् : मौखिक र लिखित । कुनै पनि विचार भावनालाई अभिव्यक्त गर्दा मौखिक र उक्त विचार वा भावनालाई लिपिको उपयोग गरी अभिव्यक्ति गर्दा लिखित रूप तयार हुन्छ । लिखित भाषामा व्यक्तिले कुनै पनि कुरालाई लिपिबद्ध तरिकाले सुरक्षित राख्ने हुनाले लिखित भाषालाई महत्त्वपूर्ण मानिन्छ ।

मानिस जन्मेपछि हुर्कदै र बढ्दै जाने क्रममा भाषाका सीपहरू हासिल गर्ने गर्दछ । भाषाका चारओटा सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) एक अर्कोसँग अन्तरसम्बन्धित भएर रहेका छन् । यी विभिन्न सीपहरूमध्ये सुनाइ र पढाइलाई बोध अथवा ग्रहण क्षमताको रूपमा लिइन्छ भने बोलाइ र लेखाइ सीपलाई अभिव्यक्ति क्षमताको रूपमा लिइन्छ । सीपलाई विचार प्रकटीकरण व्यक्त गर्न लेखाइ सीपको महत्त्वपूर्ण भूमिका रहन्छ । यसरी लेखाइ सीप विकास गर्ने विभिन्न तरिकाहरूमध्ये वादविवाद लेखन पनि एक महत्त्वपूर्ण पद्धति हो ।

निश्चित विषयमा दुई पक्षका वक्ताहरूका बिचमा पक्ष र विपक्षमा रही विचारलाई खण्डन मण्डन गर्ने कार्यलाई वादविवाद भनिन्छ । वादविवाद रूपका विधाकै एउटा उपविधा हो । यो एकाङ्की र संवादभन्दा पूरक, तार्किक र बौद्धिक खालको हुन्छ । वादविवाद औपचारिक र अनौपचारिक दुई तरिकाले गर्न सकिन्छ । वादविवाद भाषाको मौखिक कलासँग सम्बन्धित पक्ष हो तर परीक्षामा चाहिँ यसको परीक्षण लिखित रूपमै हुन्छ । त्यसैले वादविवादले मौखिक अभिव्यक्तिलाई तिखार्नुका  साथै बोल्न र लेख्न लगाइने हुनाले यसले लेखाई सीप समेत तिखार्ने काम गर्दछ । वादविवाद वाचन गराउँदा अर्थात् लेखाउँदा निश्चित समय सीमा, निर्णायक मण्डल, अङ्क विभाजनका बारेमा राम्रोसँग विद्यार्थीलाई जानकारी गराउनुपर्दछ ।

## १.२ समस्याकथन

वादविवाद लेखनको निम्ति सान्दर्भिक विचारको शृङ्खलाबद्ध भाषिक अभिव्यक्तिको आवश्यकता पर्दछ । वादविवाद पक्ष र विपक्षका तर्कवितर्क दिएर लेखिन्छ । वादविवादमा मौखिक र लिखित रूप एक अर्कामा परिपूरकका रूपमा रहेको छ । वादविवादबाट लिखित तथा मौखिक सीपको विकास हुन्छ । विद्यालय तहका नेपाली पाठ्यपुस्तकहरूले वादविवाद लेखन शिक्षणसम्बन्धी पाठ्यपुस्तकहरूलाई महत्त्व दिइरहेको अवस्थामा आधारभूत तहको विशेषगरी कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन शीर्षक छनोट गरिएको छ । यो अध्ययन मूलतः निम्न समस्यामा केन्द्रित रहेको छ :

(क) महोत्तरी जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविाद लेखन क्षमता कस्तो रहेको छ ?

(ख) भाषिक पृष्ठभूमिका आधारमा महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता के कस्तो रहेको छ ?

(ग) महोत्तरी जिल्लाका संस्थागत र सामुदायिक विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति के-कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधपत्र निम्नलिखित उद्देश्यमा केन्द्रित रहेको छ :

(क) महोत्तरी जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता पहिल्याउनु,

(ख) भाषिक पृष्ठभूमिका आधारमा महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अवस्था पहिल्याउनु,

(ग) महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता आकलन गर्नु ।

## १.४ अध्ययनको औचित्य

भाषिक सीपहरूमध्ये लेखाइ सीप पनि एक विशिष्ट सीप हो । विद्यार्थीमा भएको सिर्जनात्मक शक्तिलाई लेखाइका माध्यमबाट प्रस्फुटन गराउन विद्यालय तहदेखि उच्च तहसम्म विभिन्न क्रियाकलाप गराउने गरिन्छ, ती विभिन्न क्रियाकलापमध्ये वादविवाद लेखन पनि एक महत्त्वपूर्ण क्रियाकलाप हो ।

सामान्य रूपमा लेखपढ गर्न जान्नु भनेको भाषाको कथ्य रूपलाई लेख्य रूपमा ढाल्ने क्षमताको विकास गर्दै लैजानु हो । विद्यार्थीको लेखाइसम्बन्धी तार्किक, बौद्धिक, ज्ञानात्मक, संज्ञानात्मक जस्ता पक्षहरू समावेश गरिने हुनाले वादविवाद लेखन क्षमताको अध्ययन गर्नु आवश्यक रहेको छ ।

लेखन क्षमताको पहिचानसम्बन्धी जे जति अध्ययन भए तापनि महोत्तरी जिल्लाका विद्यार्थीहरूको वादविवाद लेखनसम्बन्धी अध्ययन कार्य अहिलेसम्म भएको छैन । त्यसैले यो अध्ययन औचित्यपूर्ण देखिन्छ । महोत्तरी जिल्लाका संस्थागत र सरकारी विद्यालयका विद्यार्थीहरूको वादविवाद क्षमता पत्ता लगाउनु र छात्र र छात्रबिचको वादविवाद लेखन

क्षमताको तुलनात्मक अध्ययन गर्नु अत्यावश्यक देखिन्छ । सो अध्ययनले विद्यार्थीमा भएका कमीकमजोरीलाई हटाउन सहयोग पुग्ने भएकाले पनि औचित्यपूर्ण छ ।

## १.५ अध्ययनको सीमाङ्कन

यस अध्ययनको सीमाङ्कन निम्नानुसार गरिएको छ । शैक्षिक सत्र २०७४/०७५ का कक्षा आठमा अध्ययनरत महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकाका विद्यार्थीमा मात्र केन्द्रित रहेको छ ।

(क) प्रस्तुत अध्ययनमा महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकाभित्र रही पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरू बीच परीक्षण गर्ने क्रममा प्रत्येक विद्यालयका ५/५ जना छात्र/छात्रा बीच प्रस्तुत अनुसन्धान परीक्षण गरिएको छ ।

(ख) प्रस्तुत अध्ययन महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकामा पर्ने विद्यालयका छात्र/छात्रा बीच वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययनमा सीमित रहेको छ ।

(ग) प्रस्तुत अध्ययन महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत बर्दिबास नगरपालिकाका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमतामा मात्र केन्द्रित रहेको छ ।

## १.६ अध्ययनको रूपरेखा

यस शोधपत्रको अध्ययन विभाजनका मुख्य शीर्षकहरू निम्नानुसार रहेको छन् :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

अध्याय पाँच : भाषिक पृष्ठभूमिका आधारमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अवस्था

अध्याय छ :	विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन

अध्याय सात :	सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भ सामग्रीसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको पुनरावलोकन

आफूले गर्न लागेको अनुसन्धानलाई उद्देश्यमूलक र प्रभावकारी बनाउन पूर्व शोधकार्यको भाषिक शोध अनुसन्धानको विषय मार्फत विद्यार्थी, पाठ्यक्रम, पाठ्यपुस्तकले के कति उपलब्धि प्राप्त गर्न सक्दछ भन्ने सन्दर्भमा यो शोधको समीक्षा हुनु जरुरी छ । यसै सन्दर्भमा पूर्वकार्यको पुनरावलोकन लेखाजोखा गरी निष्कर्ष निकाल्ने काम गरिन्छ (दाहाल र निरौला, २०७३ : २२४) ।

यस शोध अध्ययनका पूर्वकार्यको पुनरावलोकनका लागि पुस्तक सम्बद्ध स्रोत, जर्नल, सम्बद्ध स्रोत, शोध अध्ययन सम्बद्ध स्रोत र इन्टरनेट सम्बद्ध स्रोतलाई आधारका रूपमा लिइएको छ ।

### २.१.१ पुस्तक सम्बद्ध पुनरावलोकन

अधिकारी र भट्टराई (२०६१) द्वारा 'प्रयोगात्मक नेपाली शब्दकोश'मा वादविवादलाई यसरी चिनाएका छन् : कुनै पक्ष र विपक्षको समूहमा बाँडिएर खास विषयमा एक अर्काको खण्डन गर्दै गरिएको छलफल, तर्क, वितर्क, बहस आदिको माध्यमबाट आफ्नो पक्षलाई उत्कृष्ट सिद्ध गर्न खोज्ने मौखिक अभिव्यक्तिको भाषिक सीपका रूपमा वादविवादको सामान्य परिभाषा प्रस्तुत गर्दै यसअन्तर्गत वादविवाद प्रतियोगितालाई लिएको पाइन्छ । त्यसैगरी वादविवादको परिभाषा प्रस्तुत गर्ने क्रममा सोही ठाउँमा वादविवादलाई एक अर्काको खण्डन मण्डनमा आधारित तर्कवितर्क वा शास्त्रार्थलाई वादविवादको संज्ञा दिँदै वादविवादको परिभाषा प्रस्तुत गरेका छन् ।

अधिकारी (२०६३) द्वारा 'नेपाली भाषा शिक्षण' नामक पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षका बारेमा चर्चा गर्ने क्रममा लेखाइ शिक्षणको अध्ययनबारे चर्चा गरी त्यसमा लेखाइ सीप विकास गर्न दिइएको छ । जसमा लेखाइ सीपको महत्त्व, आवश्यकता, औचित्य, लेखाइमा पाइने त्रुटि लेखाइ शिक्षणका कार्यकलापहरू, शुद्धीकरण, लेखाइ शिक्षणका क्रममा समेत विचार पुऱ्याउनु पर्ने कुराहरूको बारेमा समेत उल्लेख गरिएको छ ।

शर्मा र पौडेल (२०६८) द्वारा 'नेपाली भाषा र साहित्य शिक्षण' पुस्तक विशेषगरी उच्च तहका कक्षाहरूका विवभिन्न विधाहरूको शिक्षणमा केन्द्रित रहेको पाइन्छ । एक्काइस अध्याय रहेको उक्त पुस्तकमा अध्याय पाँचमा विविध भाषिक सीप शिक्षण प्रविधि शीर्षकभित्र मौखिक अभिव्यक्ति अथवा वक्तृत्वकला शिक्षण उपशीर्षक रहेको पाइन्छ । यसैअन्तर्गत रहेर शिक्षण प्रक्रिया तथा कार्यकलाप रहेको पाइन्छ । यसैअन्तर्गत रहेर वादविवादात्मक लेखनका बारेमा सामान्य रूपमा चर्चा गरिएको छ । तार्किक अभिव्यक्ति क्षमता बढाउनका लागि उपयुक्त मानिने यस कार्यकलापका माध्यमबाट अरूका कुरा ध्यानपूर्वक सुन्ने र त्यसलाई आलोचनात्मक दृष्टिले हेर्ने सामर्थनात्मक अथवा खण्डनात्मक प्रक्रिया अपनाई प्रभावकारी रूपमा आफ्ना तार्किक अभिव्यक्ति प्रस्तुत गर्ने अवसर विद्यार्थीले प्राप्त गर्न सक्छन् । वादविवादको विषय छनोट गर्दा विद्यार्थीको भाषिक क्षमता, स्तर र परिचय सन्दर्भलाई विशेष जोड दिनु आवश्यक हुन्छ भन्ने कुराहरू उल्लेख गरेको पाइन्छ । वादविवादात्मक लेखन शिक्षण प्रक्रिया, शिक्षणक्रम, पठनबोध, तर्क, वितर्क प्रस्तुतीकरण जस्ता विधिहरूको बारेमा उल्लेख गरेको पाइन्छ । यसबाट तार्किक एवम् बौद्धिक अभिव्यक्ति क्षमताको विकासका साथै बोलीको आरोह, अवरोह, गतियति र स्वर प्रसारण मिलाएर भाषेत्तर हाउभाउ सहित श्रोताअनुकूल प्रभावकारी विचार सम्प्रेषण गर्ने क्षमता विकासमा ठूलो सहयोग मिल्छ भन्ने कुराको जानकारी गराएको पाइन्छ ।

शर्मा र पौडेल (२०७०) द्वारा 'नेपाली भाषा साहित्य शिक्षण' नामक पुस्तकमा नेपाली शिक्षण सहकार्यकलापहरूअन्तर्गत रहेर वादविवाद लेखनका बारेमा सामान्य रूपमा चर्चा गरिएको छ । यसमा वादविवाद लेखन शिक्षणको प्रक्रिया, शिक्षण क्रम प्रश्नोत्तर विधि, पठनबोध जस्ता विधिहरूको बारेमा उल्लेख गरिएको छ ।

लामिछाने (२०६४) द्वारा 'नेपाली भाषा शिक्षण परिचय' नामक पुस्तकमा रूपक विधाअन्तर्गत अन्य उपविधाहरू छुट्याएर वादविवादको चर्चा गरिएको छ । जसमा कुनै विषयको पक्ष र विपक्षमा भएर आ-आफ्ना तर्कहरू प्रस्तुत गर्ने काम हुन्छ । कुनै निश्चित शीर्षक दिएर त्यसका बारेमा वादविवाद कार्य गरिन्छ । यसमा लेख्दा वा बोल्दा पक्ष र विपक्ष भई आ-आफ्ना तर्कहरूले स्थान पाउँछ भन्ने धारणा राखिएको छ । वादविवादमा निष्पक्ष ढङ्गबाट विपक्षीको तर्कपूर्ण खण्डन गर्नाले विद्यार्थीहरू तार्किक तथा बौद्धिक क्षमताको वृद्धि हुन्छ । विद्यालय तहका पाठ्यपुस्तकमा वादविवाद राखिनुको मूल प्रयोजन नै विद्यार्थीहरूलाई वादविवादात्मक अभिव्यक्तिमा सक्षम बनाउनु हो भनी चर्चा गरिएको छ ।

### २.१.२ शोध सम्बद्ध पुनरावलोकन

पौडेल (२०६५) द्वारा 'कक्षा नौ पुरा गरेका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधको उद्देश्य कक्षा नौ पुरा गरेका विद्यार्थीको वादविवाद लेखन क्षमताको अध्ययन गर्नु संस्थागत र सरकारी विद्यालयका विद्यार्थीहरूको वादविवाद क्षमताको अध्ययन गर्नु, सहरी र ग्रामीण विद्यालयका विद्यार्थीको वादविवाद लेखन क्षमता बिचमा तुलना गर्नु र वादविवाद लेखन क्षमताका विद्यार्थीहरूमा देखिन्छ । कमीकमजोरी हटाउन सुझाव दिनु रहेका छन् । मुख्य रूपमा क्षेत्रीय विधिलाई उपयोगी गरिएको उक्त शोधमा अपेक्षित परिणाम मध्यम किसिमको रहेको, सहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रका संस्थागत भन्दा सरकारी विद्यालयका र छात्राभन्दा छात्रको तुलनात्मक स्थिति राम्रो रहेको निष्कर्ष निकालिएको छ । जसले गर्दा निजी र सरकारी विद्यालयका विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्न सहयोग मिलेको छ ।

पोखेल (२०६६) द्वारा 'झापा जिल्लाका कक्षा आठ उत्तीर्ण गरेका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । प्रस्तुत अध्ययनको उद्देश्य कक्षा आठ पूरा गरेका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गर्नु, विभिन्न आधारमा वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, सामुदायिक र संस्थागत, विद्यालय, सहरी र सहरी र ग्रामीण क्षेत्रमा अवस्थित विद्यालयका विद्यार्थीहरूबीच वादविवाद लेखनमा देखिएका कमीकमजोरी हटाउन विद्यार्थीहरूलाई केही सुझाव दिनु रहेका छन् । प्रस्तुत अध्ययनमा सर्वेक्षण विधिको प्रयोग गरी अवस्थित संस्थागत र सामुदायिक गरी १० विद्यालयका १०० जना विद्यार्थीहरू लिइएको पाइन्छ । निष्कर्षमा कक्षा आठ उत्तीर्ण गरेका समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रै रहेको देखिन्छ । लैङ्गिकताका आधरामा छात्राको भन्दा छात्रको स्तर राम्रो देखिन्छ । सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयको विद्यार्थीको स्तर राम्रो देखिन्छ । शहरी र ग्रामीण विद्यालयका विद्यार्थीहरूमा शहरी क्षेत्रका विद्यार्थीहरूको स्तर राम्रो रहेको देखिन्छ । १४ वटा सुझाव सहित दसवटा शैक्षिक प्रयोजनका साथै भावी अनुसन्धानमा सम्भावित शीर्षकहरू उल्लेख गरेको पाइन्छ ।

काफ्ले (२०६८) द्वारा 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । यस शोधको उद्देश्य विद्यार्थीहरूको

अनुच्छेदलेखन क्षमताको पहिचान गर्नु, निजी तथा सरकारी विद्यालयका विद्यार्थीहरूको भाषिक पृष्ठभूमि तथा लैङ्गिक आधारमा अनुच्छेदलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेका छन् क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको उक्त शोधमा काठमाडौँ उपत्यकाको ललितपुर जिल्लाको छवटा विद्यालयमा अध्ययनरत ६० जना विद्यार्थीहरू प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । उक्त शोधमा विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता मध्यम स्तरको रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधको उद्देश्य अनुच्छेदलेखन क्षमतामा केन्द्रित रहेको र प्रस्तुत शोध वादविवाद लेखन क्षमतासँग सम्बन्धित भएर गरिने भएकाले भिन्न एवम् विशिष्ट रहने देखिन्छ । यसको अध्ययनबाट शोधकार्यमा सामग्री निर्माण र प्रयोग कार्यका लागि थप मद्दत मिलेको देखिन्छ ।

धिताल (२०६९) द्वारा 'सिन्धुपाल्चोक जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य पूरा भएको पाइन्छ । उक्त शोधको उद्देश्य सिन्धुपाल्चोक जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको वादविवाद लेखन क्षमता पहिल्याउनु, सामुदायिक तथा संसथागत विद्यालयका छात्र र छात्राहरूको वादविवाद लेखन क्षमताबीच तुलना गर्नु रहेका छन् । सर्वेक्षण र क्षेत्रीय अध्ययन विधिको प्रयोग गरेर तयार पारिएको छ । उक्त शोधमा प्राथमिक स्रोततर्फ तीनओटा सामुदायिक र तीनओटा संस्थागत विद्यालयको १५/१५ जनाका दरले विद्यार्थीको वादविवाद लेखन क्षमताको अध्ययन गरिएको छ । यस अध्ययनले सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवादलेखन क्षमताको स्तर राम्रो रहेको देखिन्छ । छात्राको तुलनामा छात्रको वादविवाद लेखन क्षमताको स्तर राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

शर्मा (२०६९) द्वारा 'बाग्लुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन' शीर्षकमा गरिएको छ । उक्त शोधको उद्देश्य बाग्लुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको वादविवाद अभिव्यक्ति क्षमताको अध्ययन गर्नु, सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताबिचको तुलनात्मक तथा छात्रा र छात्रको वादविवाद लेखन क्षमतामा पाइने भिननताको तुलनात्मक अध्ययन गर्नु रहेका छन् । उक्त शोधमा यादृच्छिक नमुना छनोटबाट सामुदायिकबाट चारवटा र संस्थागत विद्यालयबाट चारओटा गरी ८० जना विद्यार्थीहरू नमुनाका रूपमा लिइएका छन् । द्वितीय स्रोतको रूपमा विभिन्न पुस्तकहरू, पत्रपत्रिका रहेको देखिन्छ । उक्त

अध्ययनमा विद्यार्थीहरूको वादविवादलेखन क्षमता मध्यम खालको रहेको देखिन्छ । छात्रको तुलनामा छात्राको वादविवाद क्षमता राम्रो देखिन्छ । त्यसैगरी संस्थागत विद्यालयको भन्दा सरकारी विद्यालयको विद्यार्थीको वादविवाद लेखन क्षमता राम्रो देखिन्छ ।

चन्द (२०७१) द्वारा 'काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधको उद्देश्य कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको वादविवादलेखन क्षमताको अध्ययन गर्नु र विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना गर्नु, लैङ्गिक आधारमा वादविवाद लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु रहेका छन् । उक्त शोधमा काठमाडौँ जिल्ला कीर्तिपुर नगरपालिकाअन्तर्गत पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका आठ/आठ जना गरी ८० जना विद्यार्थीहरूलाई लिइएको छ । यसमा सर्वेक्षण विधिको प्रयोग गरिएको छ । यसमा सामुदायिक विद्यालयका विद्यार्थीहरू भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो देखिन्छ । सामुदायिक तथा संस्थागत विद्यालयमा छात्रभन्दा छात्राको वादविवाद लेखन क्षमता राम्रो देखिन्छ ।

ढकाल (२०७३) द्वारा 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधको उद्देश्य गोरखा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, छात्र र छात्राहरूबीचको वादविवाद लेखन क्षमता पत्ता लगाउनु र विद्यार्थीहरूमा देखिएका कमीकमजोरी हटाउन सुझाव दिनु रहेका छन् । मुख्य रूपमा क्षेत्रीय सामग्री सङ्कलन विधिको उपयोग गरिएको छ । उक्त अध्ययनमा सामुदायिक र संस्थागत दुबै विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमतामा समान रहेको, छात्रभन्दा छात्राहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ वादविवादको परिचय

वादविवाद रूपक विधाको एक उपविधा हो । वादविवादमा कुनै एक विषयमा पक्ष र विपक्षमा रहेर तर्कवितर्क तथा बहस गरिन्छ । यसमा कुनै विषय शीर्षकमा आधारित भएर उक्त विषय वा शीर्षकसँग सम्बन्धित मूलभाव वा विचारलाई व्यक्त गर्ने तथा विपक्षीका तर्क र विचारलाई तर्कपूर्ण ढङ्गले खण्डन गर्ने कार्य गरिन्छ ।

वादविवाद मौखिक अभिव्यक्ति/वक्तृत्व कला विकासको एउटा उच्चस्तरीय र महत्त्वपूर्ण कार्यकलाप हो । तार्किक अभिव्यक्ति क्षमता विकासका लागि प्रभावकारी मानिने यस कार्यकलापका माध्यमबाट अरूका कुरा ध्यान दिई सुन्ने र आलोचनात्मक दृष्टिले समर्थन वा खण्डन गरी आफ्ना तर्क प्रस्तुत गर्ने अवसर विद्यार्थीहरूले पाउँछन् (शर्मा र पौडेल, २०७० : ११५) । वादविवाद बौद्धिक कार्यकलाप भएकाले यसको विषय छनोटमा विद्यार्थीको भाषिक क्षमता, स्तर र परिचित सन्दर्भलाई विशेष जोड दिनु आवश्यक हुन्छ ।

वादविवादबाट तार्किक र बौद्धिक अभिव्यक्ति क्षमता विकासका साथै भाषेतर हाउभाउ सहित बोलीको आरोह, अवरोह, गति, यति र स्वर प्रसारण मिलाई श्रोताअनुकूल प्रभावकारी विचार सम्प्रेषण गर्ने क्षमताको विकास हुन्छ । कुनै कुरा वा विषयको तत्त्व निरूपणका निम्ति आफ्ना बुँदाको समर्थन र विपक्षीको बुँदाको खण्डन साथ गरिएको छलफल, तर्कवितर्क, विचार, विमर्श खण्डन, मण्डन, वाक्प्रतियोगिता हो (नेपाली बृहत् शब्दकोश, २०४० : ११३९) ।

### २.२.२ वादविवाद लेखन

भाषा विचार विनिमयको माध्यम हो । भाषाका लिखित र मौखिक गरी दुई रूप हुन्छन् । बोलेर विचार विनिमय गर्न नसकिने स्थितिमा लेखनको सहायता लिइन्छ । वादविवादात्मक अभिव्यक्ति समर्थन र विरोधका संवादमा दुई व्यक्तिका बिच हुने दोहोरो कुराकानीको लेखन हो (शर्मा, २०६१ : १३५) । भाषाका चार सीपहरूमध्ये लेखाइ सीप अभिव्यक्तिमूलक लिपि चिह्नहरूको प्रयोगद्वारा सिलसिला मिलाई अभिव्यक्ति गर्नुलाई लेखाइ भनिन्छ ।

वादविवाद लेखनका लागि कुनै शीर्षक दिएर लेखन सीपका माध्यमबाट उक्त शीर्षकमा केन्द्रित भएर वादविवाद लेख्न सकिन्छ । वादविवादमा पक्ष र विपक्षमा गहकिला तर्क पेश गरेर लेख्न सकिन्छ । वादविवाद बढी तार्किक तथा बौद्धिक खालको हुन्छ । वादविवाद लेखन गराउँदा विद्यार्थीहरूको अन्तर्निहित प्रतिभाको विकास हुनुका साथै कुनै शीर्षकमा आफ्ना मनमा लागेका विचार भावलाई लेखाइका माध्यमबाट पक्ष र विप्क्षमा तर्क गर्न सक्छन् ।

वादविवाद लेखन गर्दा निम्नलिखित कुराहरूलाई ध्यान दिनुपर्दछ :

- वादविवादको उपयुक्त शीर्षक दिने,

- आफूले लेख्नुपर्ने विषयको पक्ष र विपक्षमा आउन सक्ने सम्पूर्ण बुँदाहरू तयार पार्ने,
- तयार पारिएका बुँदाहरूलाई क्रम मिलाएर राख्ने,
- औपचारिक रूपमा सभापति, निर्णायक मण्डल, गुरुहरू तथा उपस्थिति साथीहरूलाई सम्बोधन गरेर लेख्ने,
- समयलाई ध्यान दिँदै प्रथम पुरुष शैलीमा पहिले आफ्नो पक्षमा लेख्ने र त्यसतर्फका तर्कहरू प्रस्तुत गर्ने,
- विपक्षीले प्रस्तुत गरेका तर्कहरूको कल्पना गरी उक्त तर्कलाई काट्ने ढङ्गबाट आफ्ना गहकिला तर्कहरूको प्रयोग गर्दै घतलाग्दो उदाहरणहरू दिने,
- वादविवादमा सहभागीले प्रयोग गर्ने हाउभाउ, मुखमुद्रा आदिको सङ्केत कोष्ठमा दिने,
- निष्कर्षको रूपमा आफ्ना विषयका तर्फबाट बलियो तर्क पेश गर्दै सबैलाई धन्यवाद दिएर (घन्टी बज्छ) लाई कोष्ठमा राख्ने र समाप्त गर्ने ।

### २.२.३ वादविवादको संरचना

कुनै पनि शीर्षकमा रहेर उक्त शीर्षकसँग सम्बन्धित मूलभाव वा विचारलाई व्यक्त गर्ने तथा विपक्षीका तर्क र विचारलाई तर्कपूर्ण ढङ्गले खण्डन गर्ने कार्य नै वादविवाद हो ।

कुनै खास शीर्षकमा आधारित भएर पक्ष र विपक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्ने काम वादविवादमा हुन्छ । वादविवादबाट विद्यार्थीहरूमा तार्किक तथा बौद्धिक क्षमताको समेत विकास हुन्छ ।

आफ्ना पक्षको समर्थन र विपक्षीका तर्कहरूको खण्डनमण्डन गर्नु नै वादविवाद हो । कुनै पनि रचनाको संरचना हुन्छ । त्यसैगरी वादविवाद लेखन पनि आदि, मध्य र अन्त्यको संरचनामा रहेको हुन्छ (शर्मा, २०६१ : १३७) । वादविवाद लेखनको आदि, मध्य र अन्त्यको संरचनालाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

(क) **आदि भाग**

वादविवादको आदि भागमा वादविवादमा उपस्थित व्यक्तिहरू, सभापति, निर्णायकमण्डल, गुरुवर्ग र साथीहरूलाई सम्बोधन गरिन्छ । आदि भागमा आफूले विषयको पक्ष वा विपक्षका तर्फबाट विचार व्यक्त गर्न लागेको हो । त्यसको जानकारी गराइन्छ ।

(ख) **मध्यभाग**

वादविवाद लेखन गर्दा मध्य भागमा वादविवादको विषयका बारेमा जानकारी गराइन्छ । मध्य भागमा आफ्ना पक्षका विचारलाई समर्थन गर्दै विपक्षी मित्रको विचारलाई खण्डनमण्डन गर्दै गहकिला तर्क प्रस्तुत गरिन्छ । वादविवादमा सहभागीले प्रयोग गर्ने हाउभाउ, मुखमुद्रा आदि सङ्केत कोष्ठमा दिइन्छ र आफ्नो विषयका बारेमा उदाहरणहरू प्रस्तुत गरिन्छ ।

(ग) **अन्त्य भाग**

मध्य भागमा लेखिएका कुराहरूलाई सिलसिला मिलाएर निष्कर्ष निकालिन्छ । आफ्ना विषयका तर्फबाट बलियो तर्क पेश गर्दै सबैलाई धन्यवाद दिएर आफ्ना भनाइ टुङ्ग्याइन्छ ।

### २.२.४ वादविवाद शिक्षणको आवश्यकता र प्रयोजन

कुनै पनि विषयमा आफ्ना पक्षको समर्थन र विपक्षीका तर्कहरूको खण्डनमण्डन गर्नु नै वादविवाद हो । वादविवाद रूपक विधाको एक उपविधा हो । वादविवाद शिक्षणको मुख्य प्रयोजन नै भाषाको मौखिक अभिव्यक्ति वा कथ्य अभिव्यक्ति कलाको विकास गराउनु हो ( पौडेल, २०७० : १३४) । भाषामा विभिन्न सीप विकासमा अभ्यासात्मक सहयोग पुऱ्याउनु वादविवाद शिक्षणका सामान्य प्रयोजनका रूपमा लिन सकिन्छ ।

वादविवादको शिक्षण गर्दा विद्यार्थीहरूमा आत्मविश्वासको विकास हुन्छ । वादविवादको शिक्षणबाट मुखमुद्रा, हाउभाउ र अङ्ग परिचालन गरी उत्कृष्ट कथ्य अभिव्यक्ति दिन सक्ने क्षमताको विकास हुन्छ । अर्काको विचारलाई शिष्ट र प्रभावकारी रूपमा खण्डन गर्ने क्षमताको विकास हुन्छ । विद्यार्थीहरूमा आफ्ना कुराले अरूलाई प्रभाव पार्न सक्ने गरी बोल्न सक्ने क्षमताको विकास हुने भएकाले वादविवाद शिक्षणको प्रयोजन निकै रहेको छ ।

### २.२.५ वादविवाद शिक्षणको महत्त्व

भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक र लेखाइ सीप, भाषा मानवीय विचार सम्प्रेषणको माध्यम हो । समुदायमा सम्पूर्ण ज्ञान विज्ञान तथा क्रियाकलापहरू भाषाका सम्पूर्ण ज्ञान विज्ञान तथा क्रियाकलापहरू भाषाका माध्यमबाट चलिरहेको हुन्छ । भाषा शिक्षणलाई उद्देश्यमूलक बनाउन भाषिक सीपले मार्गदर्शनको काम गरेको हुन्छ । भाषिक सीपसँग सम्बन्धित बोध तथा अभिव्यक्ति क्षेत्रमा विविध पक्षहरू आर्जन गर्नका निम्ति गरिने सम्पूर्ण प्रयास भाषा पाठ्यक्रमअन्तर्गत  पर्दछन् । भाषिक सीपसँग सम्बन्धित बोधअन्तर्गत श्रुति र पठन तथा अभिव्यक्तिअन्तर्गत बोलाइ र लेखाइ पर्दछन् । कुनै पनि तह वा कक्षाका लागि भाषा शिक्षण गर्न वा लक्षित भाषाका सीप र समझहरू स्तरअनुकूल विकास गर्नका लाीग निर्माण गरिने मार्गदर्शक पाठ्यक्रम हो (शर्मा र पौडेल, २०७० : २६९) । वास्तवमा भाषा पाठ्यक्रम भन्नाले उद्देश्य, भाषिक विषयवस्तु, भाषिक प्रक्रिया, स्रोत र भाषिक मूल्याङ्कनका साधन आदि भन्ने बुझिन्छ । यसलाई विद्यालयभित्र र बाहिर कक्षा शिक्षण वा सम्बन्धित कार्यक्रमद्वारा पुरा गर्न योजनाबद्ध प्रयास गरिपएको हुन्छ ।

भाषामा दुई रूप छन् : मौखिक र लिखित । मौखिक रूप सामान्य अवस्थामा हुन्छ भने लिखित रूप मनका अन्तरभावनाहरूलाई ध्वन्यात्मक सङ्केतका माध्यमबाट लिपिको उपयोग गरेर अभिव्यक्त हुन्छ । लिखित रचना परीक्षणका विषयमा निबन्धात्मक संक्षिप्त उत्तरात्मक प्रश्नहरूको उपयोगिताको चर्चाका प्रसङ्गमा विशेष रूपमा उल्लेख भएको छ ( शर्मा, २०६१ : २६६) । भाषाद्वारा व्यक्ति आफ्नो विचार आदानप्रदान गर्दा भाषाका चारवटै सीपहरू एकैपटक सक्रिय हुन्छन् । यी चार सीपमध्ये लेखाइ सीप अभिव्यक्तिमूलक वा प्रदानात्मक प्रकृतिको सीप हो । व्यक्तिका गुम्सिएका भावनाहरूलाई लिपि चिह्नहरूको प्रयोगद्वारा सिलसिला मिलाई अभिव्यक्त गर्नुलाई लेखाइ भनिन्छ । लेखाइ सीप विकासका लागि चित्रवर्णन अनुच्छेदलेखन, श्रुतिलेखन, चिठीलेखन, कथालेखन, निबन्ध लेखन, मनोवाद लेखन जस्ता लेखन कलासँग सम्बन्धित कार्यकलापहरू गराइन्छ । व्यवसायिक दृष्टिकोणले पनि लेखाइ सीपको निकै महत्त्व छ । सम्पूर्ण कार्यकलापहरू लेखाइ सीपकै सेरोफेरोमा सञ्चालित हुन्छन् । त्यसैले भाषाका चारवटा सीपहरूमध्ये लेखाइ सीप महत्त्वपूर्ण मानिन्छ । लेख्य परम्परा नभएका भाषाहरूको प्रारम्भिक अध्ययन गरी तिनको वर्णमाला, लिपि तथा लेखन पद्धति निर्धारण गर्ने कार्य सम्बन्धित विशेषज्ञ वा विशेषज्ञहरूको  संस्थाद्वारा क्रमशः सम्पन्न गराउनुपर्छ (अधिकारी, २०६३ : २११) ।

भाषाका चार सीपमध्ये लेखाइ एउटा महत्त्वपूर्ण सीप हो । व्यक्तिमा अन्तरनीहित विचार भावना अनुभव जस्ता कुराहरूलाई भाषाका माध्यमबाट लिपिबद्ध गर्नु नै लेखाइ हो । लेखाइ सीपले व्यक्तिको लेखन कलालाई जोड दिने गर्दछ । भाषाका चारवटै सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइ भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक केन्द्रित रहन्छन् । भाषाका चार सीपमा सुनाइ र पढाइ बोध वा आदानात्मक प्रकृतिका भाषिक सीप हुन भने बोलाइ र लेखाइ अभिव्यक्तिमूलक वा प्रदानात्मक प्रकृतिका भाषिक सीप हुन् । कुनै पनि व्यक्तिले आफ्ना मन मस्तिष्कमा रहेका भाव विचारलाई लिपि चिह्नको प्रयोग केवल विद्यालय र महाविद्यालयमा मात्र नभएर घरायसी कामकाजका हरेक आवश्यकता परिपूर्तिका लागि गरिने भएकाले लेखाइ शिक्षणको आवश्यकता विशेष रूपमा अनुभव हुन्छ । लेखन कलालाई सामाजिक, उपयोगिताका दृष्टिले पनि भाषिक अभिव्यक्तिमा लेखन कलाको निकै महत्त्व हुन्छन् । प्रश्नोत्तर गर्न पढेका कुराको टिपोट गर्न नयाँ नयाँ ज्ञानलाई आफ्नो भाषामा पुनः सङ्गठित गर्न श्यामपाटीमा लेखिएका कुराहरू सार्न, सारांश उतार्न, लेखेर छलफल गर्न, परीक्षा वा जाँचको मूल्याङ्कन गर्न बढी आवश्यकता पर्दछ (पौडेल, २०७० : ८६) । यी विभिन्न कारणले गर्दा लेखाइ शिक्षणको महत्त्व दिनानुदिन बढ्दै गएको छ ।

यसरी लेखाइ सीपको विकास गर्ने विद्यालयका आधारभूत र माध्यमिक सबै तहको पाठ्यक्रममा रूपक विधालाई स्वतन्त्र विधाअन्तर्गत राखेर वादविवाद शिक्षण गरिएको छ । वकिल, पत्रकार, कर्मचारी, बुद्धिजीवी, साहित्यकार लेखक, शिक्षक आदि पेसामा कुशल लेखन क्षमताको निकै आवश्यक पर्दछ (शर्मा र पौडेल, २०६८ : १७०) । वादविवाद लेखन गराउँदा विषयवस्तुको प्रस्तुति, वाक्यगठन, मौलिकता, भाषिक शुद्धता, शब्दभण्डारको छनोट, वर्णविन्यासको प्रयोग जस्ता विविध कुराले लेखन सीपमा सहयोग पुऱ्याउने हुनाले लेखाइ सीपको विकासमा वादविवाद लेखन पनि महत्त्वपूर्ण रहेको छ ।

### २.२.६ लेखाइ सीपको विकासमा वादविवाद लेखनको स्थान

मानवीय भाषाका मौखिक र लिखित दुई रूप हुन्छन् । आफ्ना मनका भावनाहरूलाई ध्वन्यात्मक सङ्केतमा अभिव्यक्त गर्दा मौखिक भाषा तयार हुन्छ भने ध्वन्यात्मक सङ्केतलाई लिपिको उपयोग गरेर अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ । लेखाइबाट मानिसले आफ्नो विचार अभिव्यक्त गर्ने क्षमताको विकास गर्दछ । लेखाइ कुनै पनि स्थान र सीमामा बाँधिन सक्दैन । लेखाइ शाश्वत र सार्वभौम हुन्छ । लेखाइ सीप क्षमता बढाउन

विद्यार्थीहरूलाई प्रारम्भिक तहदेखि चित्रवर्णन, यात्रावर्णन, अनुलेखन, निबन्धलेखन, प्रतिवेदन लेखन आदि गराइन्छ । तहगत आधारमा पनि विद्यार्थीहरूलाई दैनिकी, लेखन, बुँदाटिपोट, सङ्क्षेपीकरण, अनुच्छेदलेखन, निबन्धलेखन, वादविवाद लेखन जस्ता कार्यकलापबाट पनि उनीहरूलाई लेखन कला क्षमताको विकास गराउन सकिन्छ । विभिन्न कार्यकलापमध्ये वादविवाद लेखन एक विशिष्ट कार्यकलाप हो । वादविवादबाट निर्देशित र सिर्जनात्मक दुवै किसिमका अभ्यास गराउन सकिन्छ । वादविवाद लेखनको मुख्य उद्देश्य नै लेख्य अभिव्यक्ति क्षमताको विकास गराउनु हो । विद्यार्थीहरूलाँई प्रारम्भिक तहदेखि नै वादविवाद लेखन कार्यबाट मानिसले आफ्नो विचार अभिव्यक्ति गर्ने क्षमताको विकास गर्दछ (पाठ्यक्रम विकास केन्द्र, २०६९ : ११) । लेखाइ कुनै पनि स्थान र सीमामा बाँधिन सक्दैन । लेखाइ शाश्वत र सार्वभौम हुन्छ । लेखाइ सीप क्षमता बढाउन विद्यार्थीहरूलाई प्रारम्भिक तहदेखि चित्रवर्णन, यात्रावर्णन, अनुलेखन, निबन्धलेखन, प्रतिवेदनलेखन आदि गराइन्छ । तहगत आधारमा पनि विद्यार्थीहरूलाई दैनिकीलेखन बुँदाटिपोट, सङ्क्षेपीकरण, अनुच्छेदलेखन, निबन्धलेखन, वादविवादलेखन जस्ता कार्यकलापबाट पनि उनीहरूलाई लेखन कला क्षमताको विकास गराउन सकिन्छ । विभिन्न कार्यकलापमध्ये वादविवाद लेखन एक विशिष्ट कार्यकलाप हो । वादविवादबाट निर्देशित र सिर्जनात्मक दुबै किसिमका अभ्यास गराउन सकिन्छ । वादविवाद लेखनको मुख्य उद्देक्श्य नै लेख्य अभिव्यक्ति क्षमताको विकास गराउनु हो । विद्यार्थीहरूलाई प्रारम्भिक तहदेखि नै वादविवाद लेखन कार्य नगराइएको भए तापनि निम्नमाध्यमिक तहदेखि वादविवाद शिक्षण गराउने कार्य गरिन्छ । विद्यार्थीहरूको लेखनसम्बन्धी क्षमता बढाउन वादविवाद लेखन उत्कृष्ट कार्यकलाप मान्न सकिन्छ । वादविवाद लेखनमा सम्बोधन, वर्णविन्यासगत, शब्दभण्डारगत, चिह्न प्रयोग, सङ्केत प्रयोग, वाक्यगठन, खण्डनमण्डन विषयवस्तुको सिलसिला, आदि, मध्य र अन्त्यको प्रस्तुतीकरण जस्ता लेखाइसम्बन्धी नियमहरू समावेश भएका छन् (शर्मा, २०६३ : १३६) । यसरी लेखाइ सीपको विकासमा वादविवाद लेखनको स्थान महत्त्वपूर्ण सावित हुन्छ ।

### २.२.७ विद्यालय तहको आधारभूत तहमा वादविवाद शिक्षणको प्रयोजन

आधारभूत तह भन्नाले कक्षा १-८ सम्म भन्ने बुझिन्छ । आधारभूत तह (१-८) को पाठ्यक्रमले नेपाली विषयमा विधागत क्षेत्र निर्धारणका क्रममा कथा, जीवनी, रूपक, चिठी, कविता, निबन्ध, प्रबन्ध, व्याकरण, शब्दभण्डार जस्ता विधाहरू समेटेको पाइन्छ ।

आधारभूत तह (कक्षा १-८) को मुख्य उद्देश्य लेखन सीप विकास गर्नु हो । वादविवाद लेखन गर्दा विद्यार्थीहरूमा तार्किक क्षमताको विकास हुन्छ । वादविवाद एक निर्देशित विधा भएकाले यसले विद्यार्थीहरूमा लेखन सीप विकास गराउँछ । विद्यार्थीहरूले वादविवाद लेखन गर्दा पक्ष र विपक्षमा तर्कहरू प्रस्तुत गर्दछन् । वादविवादमा सम्बोधनका साथ तर्क प्रस्तुत गरिन्छ । वादविवाद उपविधालाई भाषा तथा साहित्य शिक्षणका दृष्टिले विविध उद्देश्यका लागि उपयोग गर्न सकिन्छ । साहित्यका विधाका रूपमा यस शिक्षणका मुख्य प्रयोजनहरू निम्नानुसार छन् :

- विद्यार्थीहरूमा तार्किक एवम् सिर्जनात्मक क्षमताको विकास गर्नु,
- वक्तृत्वकला क्षमताको विकास गर्नु,
- कथ्य अभिव्यक्ति सीपको विकास गर्नु,
- अन्य व्यक्तिको भनाइलाई तर्कपूर्ण किसिमले खण्डन गर्ने बानीको विकास गर्नु,
- निश्चित समयमा आफ्ना भनाइलाई उपयुक्त ढङ्गले व्यक्त गर्ने बानीको विकास गर्नु,
- हाउभाउ, मुखमुद्रा सहित आफ्ना भनाइ राख्न सक्ने सीपको विकास गर्नु ।

### २.२.८ आधारभूत तहमा वादविवाद विधाको स्थान र शिक्षण प्रक्रिया

आधारभूत तहको पाठ्यक्रमले नेपाली विषयमा विधागत क्षेत्र निर्धारणका क्रममा कथा, कविता, निबन्ध, जीवनी, चिठी, रूपक, व्याकरण, शब्दभण्डार जस्ता विधालाई समेटेको पाइन्छ (पाठ्यक्रम विकास केन्द्र, २०६९ : ६) । यो तह पूरा भएपछि विद्यार्थीहरूले प्राप्त गर्ने सिकाइ उपलब्धिका सन्दर्भमा स्तरअनुसारका विषयहरूमा सन्दर्भ र सिलसिला मिलाइ लेख्न सक्षम हुनु लगायतका उद्देश्यहरू राखिनुले लेखाइ सीपसम्बन्धी क्षमता बढाउन पाठ्यक्रमले महत्त्व दिएको छ भन्न सकिन्छ । विधागत वितरणलाई हेर्दा अन्य विधाहरूको तुलनामा वादविवाद विधालाई आधारभूत तहको पाठ्यक्रममा समावेश गरिएको छैन । वादविवादलाई रूपक विधाअन्तर्गतको उपविधामा राखिएको छ । रूपक विधाको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमता बढाउनु हो । यसको शिक्षण गर्दा निर्दिष्ट संवाद, एकाङ्की तथा वादविवादलाई परिस्थिति पात्र तथा भावानुकूल वाचक, अभिनय एवम् भूमिका निर्वाहको अभ्यास गराउनु पर्दछ । यस क्रममा काव्य अभिव्यक्ति क्षमता बढाउन सहायक

हुने हाउभाउ, स्वरको आरोह, अवरोह, आघात, गति, यति, आदिको  ख्याल गर्नुदर्पछ । रूपक विधाको अभ्यास गराउँदा प्रश्नोत्तर, कुराकानी, भाव पहिचान, संवाद वा वादविवादको अनुकरणात्मक लेखन, संवाद लेखन, वादविवादलेखन, स्वतन्त्र लेखन, श्रुतिलेखन आदि कार्यकलाप गराउनु पर्दछ भन्दै लेखन सीपमा बढी जोड दिएको पाइन्छ ।

### २.२.९ वादविवादका मुख्य पक्षहरू

**(क) विषयवस्तु**

वादविवादको विषयवस्तुअन्तर्गत आफ्नो पक्षलाई समर्थन गर्ने भनाई, सुक्ति, उखान, कवितांश तथ्य आदि पर्दछन् । त्यस्तै शब्दकोशबाट विषयलाई समर्थन गर्ने परिभाषा खोज्नु पर्छ । व्यक्तिगत आक्षेप नलाग्ने गरी विपक्षीका तर्कको युक्तिसङ्गत खण्डन गर्नुदर्पछ । आफ्नो पक्षलाई समर्थन गर्ने र विपक्षीका तर्कलाई खण्डन गर्ने भनाई तथ्याङ्क, महापुरुषका भनाई र गराइ, ऐतिहासिक घटना आदि प्रस्तुत गर्नुपर्दछ । समय सीमा हेरेर प्रतियोगितामा बोल्दा हसाउने सन्दर्भ प्रस्तुत गर्नु वादविवादलाई आकर्षक गराउने तरिका हो (शर्मा, २०६१ : १४२) ।

**(ख) प्रस्तुति**

वादविवाद एउटा क्रियाकलाप भएकाले यसको प्रस्तुति पनि सोहीअनुरूप गर्नुपर्दछ । वादविवाद लेख्दा प्रत्येक कुरालाई एकाएक अनुच्छेदमा लेख्नुपर्दछ ।

**(ग) सम्बोधन**

वादविवाद लेख्दा पहिला सम्बोधन गर्नु पर्दछ । सम्बोधन गर्दा सभापति, निर्णायक मण्डल, गुरुवर्ग र साथीहरूलाई आदर र स्नेहका साथ सम्बोधन गर्नुपर्दछ ।

**(घ) परिचय**

यस अनुच्छेद वा खण्डमा विषयको कुन पक्षबाट आफू बोल्न लागेको हो, त्यसको परिचय दिनुपर्दछ । त्यस्तो विषयका दुई पक्ष अर्थात् पक्ष र विपक्षले समेटेको कुरा के के हुन् उपयोग गर्नुपर्दछ । यसमा पाँच सात वाक्यमा आफ्नो विषयबारे स्पष्ट गर्नुपर्दछ ।

### (ङ) खण्डन

यसमा विपक्षीका तर्कहरूको खण्डन गर्नुपर्दछ । यसरी खण्डन गर्दा तथा तथ्याङ्क, भनाइ र उदाहरणको सहायता लिनुपर्दछ । लेख्दा कम्तीमा दुईवटा तर्कको खण्डन गर्नुपर्दछ ।

### (च) मण्डन

यस अनुच्छेदमा आफ्नो विषयलाई पुष्टि गर्ने थप प्रमाण भनाई तथ्याङ्कहरू प्रस्तुत गर्नुपर्दछ । यो क्रममा जनाउ घन्टी (कोष्ठमा लेखी) यो खण्ड टुङ्ग्याउनुपर्दछ ।

### (छ) उपसंहार

जनाउ घन्टी लागेपछि आफ्ना भनाईलाई सारसङ्क्षेपमा राखी आफ्नो पक्षलाई बलियो पार्ने भनाई प्रस्तुत गर्दै यो खण्ड टुङ्ग्याउनुपर्दछ । बोल्दा घन्टीको ख्याल गर्नुपर्दछ भने लेख्दा धन्यवाद लेखी अन्तिम घण्टी लाग्छ भनेर कोष्ठमा लेखिदिनु राम्रो हुन्छ ।

## २.२.१० वादविवाद शिक्षणका विधिहरू

वादविवाद शिक्षण गर्दा वादविवाद भनेको के हो र वादविवाद कसरी शिक्षण गरिन्छ भन्ने कुराहरू अपनाइन्छ र वादविवाद शिक्षण गर्दा विभिन्न विधिहरूको प्रयोग गरिन्छ । जुन निम्नानुसार छन् :

### (क) छलफल विधि

यस विधिबाट शिक्षकले कुनै पनि वादविवादसम्बन्धी शीर्षक दिएर त्यसमा छलफल गर्न लगाएर वादविवाद शिक्षण गर्न सकिन्छ ।

### (ख) भूमिका अभिनय विधि

वादविवाद शिक्षण गराउँदा हाउभाउ, मुखमुद्रा आदिको प्रयोग गरेर विद्यार्थीहरूले आफ्ना तर्कहरू प्रस्तुत गर्न सक्दछन् ।

### (ग) अभ्यास विधि

यस विधिको प्रयोगबाट विद्यार्थीहरूमा वादविवाद लेखन क्षमताको विकास हुन्छ । अभ्यासका लागि विभिन्न शीर्षकहरू दिएर त्यसमा पक्ष र विपक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्न लगाउन सकिन्छ । यसरी अभ्यास विधिका माध्यमबाट पनि वादविवाद शिक्षण गर्न सकिन्छ ।

### २.२.११ वादविवाद लेखनका कार्यकलाप

आधारभूत तहको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरू यौवनावस्था समूहका पर्दछन् । उनीहरू भाषिक सीपको स्तरीय विकास गर्ने भाषा पाठ्यक्रमले विविध भाषिक उद्देश्यहरू तय गरेको पाइन्छ । ती उद्देश्य पूर्तिका निम्ति वादविवाद लेखनलाई पनि छनोट गर्नुपर्दछ । भाषा पाठ्यक्रमका उद्देश्यहरू पूरा गर्नका लागि वादविवाद उपविधाको रूपमा समावेश गरिनुपर्दछ । भाषा पाठ्यपुस्तकमा समाविष्ट विभिन्न प्रकृतिका अन्य लेखन विधाहरूको शिक्षण पश्चात् सिर्जनशील क्षमताको विकास गर्ने भएकाले कक्षा आठका विद्यार्थीहरूलाई वादविवाद लेखन गराउनु अत्यावश्यक छ । वादविवाद लेखन गराउँदा सम्बोधन, शीर्षक, विषयवस्तुको प्रस्तुतीकरण खण्डन, मण्डन, वर्णविन्यास, विषयवस्तुको संयोजन, मौलिकता, हाउभाउ, मुखमुद्राको प्रयोग आदि कुराहरूमा ध्यानाकर्षण गराउनुपर्दछ । उनीहरूको औसत उमेर, भाषिक, पृष्ठभूमि, बालमनोविज्ञान आदिको अध्ययन गरी वादविवादको शीर्षक चयन गर्नुपर्दछ ।

विद्यार्थीको कक्षा स्तर उमेरअनुसार वादविवादका शीर्षक चयन गरी कक्षा कार्यकलाप गर्न र गृहकार्य समेत गर्न लगाउनु पर्दछ । विद्यार्थीहरूद्वारा लेखिएका उत्कृष्ट वादविवाद छनोट गरी तात्विक रूपमा विश्लेषण गर्न लगाउनुपर्दछ । विभिन्न शीर्षकमा लेखिएका वादविवादलाई वाचन गर्न लगाई कक्षा कार्यकलापका रूपमा सञ्चालन गर्नुपर्दछ । यसरी लेखाइ सीपको उत्कृष्ट विकासका लागि वादविवाद लेखन गराउनु उपयुक्त हुन्छ ।

#### १. शीर्षक चयन

बालबालिकाहरूलाई वादविवादव लेखनको कार्यकलाप गराउँदा उनीहरूले जानेका विषयवस्तुसँग सम्बन्धित भएर शीर्षक चयन गरिनुपर्दछ । जसले गर्दा बालबालिकाहरूको लेखाइ सीप तथा वादविवाद लेखन क्षमतामा वृद्धि गर्न सहयोग मिल्दछ ।

#### २. पाठ्यक्रममा आधारित विषयवस्तु

कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको विकास गराउन सम्बन्धित विषयको पाठ्यक्रममा आधारित भएर कार्यकलाप अघि बढाउने ।

### ३. वादविवाद लेखन प्रतियोगिता

बालबालिकाहरूलाई कक्षामा विभिन्न शीर्षक दिएर वादविवाद लेखन कर्याकलाप गराउन सकिन्छ र यसरी आ-आफूले लेखेको विषयवस्तुमा आधारित वादविवाद पढेर सुनाउन लगाउने र उत्कृष्ट लेखनको लागि पुरस्कारको व्यवस्था नर्ने जसले गर्दा विद्यार्थीमा लेखाइ सीपको विकासमा ठूलो मद्दत मिल्दछ।

समग्रमा भन्दा विद्यार्थीहरूमा मौखिक भाषाको अभिव्यक्तिका साथसाथै लिखित भाषाको अभिव्यक्तिप्रति तहगत स्तरीयताका आधारमा सचेत गराउन लेखाइ शिक्षणको आवश्यकता पर्दछ । लेखाइ सीपको विकास गर्न आधारभूत तहदेखि प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक सबै तहको पाठ्यक्रममा कुनै रूपक विधाअन्तर्गत राखेर वादविवाद मौखिक रूपमा गरिएका कुरा छलफल, तर्कवितर्क, झगडा, बाझाबाझलाई लिखित रूपमा उतारी लेखन कलाको क्षमता बढाउन सहयोग पुऱ्याउने हुनाले लेखन सीपको विकासमा वादविवाद लेखनको पनि महत्त्वपूर्ण भूमिका रहने कुरालाई नकार्न सकिँदैन । जेहोस् सिर्जनात्मक लेखनका अभ्यासका साथै व्यावसायिक, व्यक्तिगत र सामाजिक आवश्यकता परिपूर्ति गर्न लेखाइ सीपको महत्त्व दिनानुदिन बढ्दै गइरहेको छ।

# अध्याय तीन

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययनमा अवलम्बन गरिने प्रक्रियाहरूको विस्तृत विवरण निम्नानुसार रहेको छ :

### ३.१ ढाँचा

यस अध्ययनका लागि जनसङ्ख्या र नमुना छनोट प्रक्रिया अपनाइएको छ ।

### ३.२ जनसङ्ख्या

प्रस्तुत कार्यलाई अगाडि बढाउनका लागि जनसङ्ख्याका रूपमा महोत्तरी जिल्लामा कक्षा आठमा नेपाली विषय पढाइ हुने सामुदायिक र संस्थागत सबै विद्यालय र ती विद्यालय तहमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरू लिइएको छ ।

### ३.३ प्रतिनिधि नमुना छनोट

प्रस्तुत अध्ययनमा सम्पूर्ण जनसङ्ख्याको उद्देश्य, वर्ग छनोट, लिङ्ग आदि जस्ता पक्षहरूलाई अवलम्बन गरिएको छ । नमुना छनोटका लागि महोत्तरी जिल्ला बर्दिवास नगरपालिकाअन्तर्गतका पाँचवटा सामुदायिक तथा पाँचवटा संस्थागत विद्यालय रहेको छन् । बर्दिबास नगरपालिकाभित्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्येबाट फरक फरक वर्ग, लिङ्ग, भाषिक पृष्ठभूमिका तथा समावेशी ढङ्गबाट क्रमशः छात्र र छात्रा गरी प्रत्येक विद्यालयबाट १० जनाका दरले १०० जना विद्यार्थीहरूको छनोट गरिएको छ । प्रस्तुत अध्ययनमा समावेश भएका १० वटा विद्यालयका १०० जना छात्र/छात्राहरू प्रस्तुत अध्ययनका लागि प्रतिनिधि नमुनाका रूपमा रहेका छन् । सामग्री सङ्कलन गरिएका विद्यालय र विद्यार्थीहरुको नामावली परिशिष्ट ख र ग मा उल्लेख गरिएको छ ।

### ३.४ सामग्री निर्माण

प्रस्तुत अध्ययन कार्यमा ‘छोरीलाई अंश दिनुभन्दा शिक्षा दिनु उचित’ र ‘कलम बलियो की हतियार बलियो’ दुई शीर्षक दिएर वादविवाद लेख्न लगाइएको छ ।

(क) **प्राथमिक स्रोत**

कक्षा आठका विद्यार्थीहरूलाई २५ मिनेटको समय दिई अलग अलग बेन्चमा बसी वादविवाद लेख्न लगाइएको सामग्रीलाई प्राथमिक स्रोतको रूपमा लिइएको छ ।

(ख) **द्वितीयक स्रोत**

द्वितीयक स्रोतका रूपमा कक्षा आठको नेपाली पाठ्यपुस्तकका पाठ्यक्रम, विभिन्न आधारभूत पाठ्यसामग्री यसै विषयसँग सम्बन्धित पूर्व शोधग्रन्थहरू शोधनिर्देशकबाट लिइएका सल्लाह सुझावहरू तथा पुस्तकालयीय अध्ययनलाई लिइएको छ ।

## ३.५ पूर्वपरीक्षण

प्रस्तुत शोधकार्यमा पूर्वपरीक्षण मिति २०७५/०९/०५ महोत्तरी जिल्ला अन्तर्गतको बर्दिबास नगरपालिकामा रहेको देउराली मा.वि.को कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूमा गरिएको छ । पूर्वपरीक्षणका लागि शोधनिर्देशकको सल्लाह र सुझावअनुसार प्रश्नपत्र निर्माण भइसकेपछि बर्दिबास नगरपालिका अन्तर्गतको देउराली मा.वि. का १० जना विद्यार्थीहरूलाई पूर्वपरीक्षणका रूपमा लिइएको छ । विद्यार्थीहरूलाई २ वटा प्रश्नहरू, कलम बलियो कि तरवार र छोरीलाई अंश दिनुभन्दा शिक्षा दिनु उचित भन्ने प्रश्न निर्माण गरी वादविवाद लेखन गर्न लगाइएको छ । त्यसमा पूर्णाङ्क १० र समय २५ मिनेट दिई वादविवाद लेखन गर्न लगाइएको छ ।

## ३.६ सामग्री सङ्कलन

प्रस्तुत शोधकार्यको सामग्री सङ्कलनका लागि शोधनिर्देशकको सल्लाहबमोजिम प्रश्नावली निर्माण गरेर पूर्वपरीक्षणको लागि सम्बन्धित विद्यालयमा मिति २०७५/०९/०५ देखि २०७५/०९/१९ सम्म गएर प्रधानाध्यापकलाई भेटी आफ्नो विषयवस्तुसँग सम्बन्धित पत्र प्रधानाध्यापकसामु पेस गरी सम्बन्धित कक्षाकोठामा प्रवेश गरी विद्यार्थीहरुलाई वादविवादलेखनसम्बन्धी उचित निर्देशन प्रदान गरी एकवटा प्रश्नावली 'छोरीलाई अंश दिनुभन्दा शिक्षा दिनु उचित' शीर्षक दिएर २५ मिनेटको समय दिई वादविवाद लेखन गर्न लगाइयो ।

## ३.७ मूल्याङ्कन प्रक्रिया

वादविवाद लेखनपछि उत्तरपुस्तिका जाँचका लागि मूल्याङ्कनका निम्न आधारहरू तयार गरिएको छ :

सम्बोधन र विषय प्रवेश - २

विषयवस्तुको तर्कपूर्ण प्रस्तुति र मौलिकता - ३

खण्डन मण्डन - ३

भाषिक शुद्धता - १

निष्कर्ष - १

जम्मा - १०

यी विभिन्न पक्षमा केन्द्रित रहेर उत्तरपुस्तिका परीक्षण गरिसकेपछि प्रश्नपत्रलाई अन्तिम रूप दिई परीक्षणका लागि विद्यार्थीहरूको प्राप्ताङ्कलाई प्रतिशतमा रूपान्तरण गरी मध्यमान निकालियो जसमा मध्यमान ६.१ निकालियो । ६०-७९ को वर्गान्तरमा पर्ने भएकाले छोरीलाई अंश दिनुभन्दा शिक्षा दिनु उचित प्रश्न उत्तम किसिमको रह्यो । ४०% भन्दा कम अङ्क ल्याउने निम्न, ४०-५९ प्रतिशतसम्म ल्याउने मध्यम, ६०-७९ प्रतिशत अङ्क ल्याउने उत्तम श्रेणीमा र ८० प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरुलाई अति उत्तम श्रेणीमा विभाजन गरिएको छ ।

## ३.८ तथ्याङ्कको वर्गीकरण

सामुदायिक विद्यालयबाट प्राप्त तथ्याङ्कलाई एकातर्फ र संस्थागत विद्यालयबाट प्राप्त तथ्याङ्कलाई अर्कोतर्फ राखिएको छ । ती गुणात्मक र परिमाणात्मक तथ्याङ्कको वर्गीकरण गरी तत्पश्चात् उक्त वर्गीकरण उपयुक्त भए नभएको पुनरावलोकन गरी मिलाइएको छ । गुणात्मक र परिमाणात्मक तथ्याङ्कलाई यथोचित ढङ्गले तालिकीकरण गरिएको छ ।

## ३.९ तथ्याङ्कको व्याख्या/विश्लेषण

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा नमुना प्रतिनिधिका रूपमा छनोट गरिएका विद्यालयका विद्यार्थीहरूलाई निर्धारित समयमा निर्धारित प्रश्नहरूको उत्तर दिन प्रेरित गरिएको छ । निर्धारित समयावधिमा लेखिएका उत्तरहरू सङ्कलन गरी परीक्षण गरिएको छ । तथ्यको विश्लेषण गर्ने क्रममा सम्पूर्ण विद्यार्थीहरूको मध्यमान निकालिएको र नमुना प्रतिनिधिमा समाविष्ट विद्यार्थीहरूमध्ये उक्त मध्यमानभन्दा माथि र तल कति कति प्रतिशत छन् भनेर गणना गरिएको छ । त्यसैगरी सामुदायिक र

संस्थागत विद्यालयका आधारमा विद्यार्थीहरूको लिङ्गगत र भाषिक पृष्ठभूमिका आधारमा विभाजन गरी छुट्टाछुट्टै मध्यमान निकालिएको छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको छुट्टाछुट्टै आधारमा मध्यमान निकालिएको छ । यसरी विद्यार्थीहरूले प्राप्त गरेका प्राप्ताङ्क प्रतिशतलाई ४० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने निम्न, ४०-५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने मध्यम, ६०-७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने उत्तम र ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने अत्युत्तम श्रेणीमा राखिएको छ । यस आधारमा परीक्षाबाट प्राप्त अङ्कलाई तालिकीकरण र प्रतिशताङ्कमा विश्लेषण गरिएको छ । व्याख्या विश्लेषण गरिएका तालिकाहरु अध्याय चारमा ४.१ र ४.२, अध्याय पाँचमा ५.१, ५.२, ५.३, ५.४, ५.५ र अध्याय छमा ६.१, ६.२, ६.३, ६.४, ६.५ मा उल्लेख गरिएको छ ।

मध्यमान र मानक विचलन निकाल्ने सूत्रहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) **प्रतिशत**

$$P = \frac{R}{T} \times 100$$

P = प्रतिशत

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउने सफल विद्यार्थी

T = जम्मा विद्यार्थी

(ख) **मध्यमान**

$$\overline{X} = \frac{\Sigma X}{N}$$

$\overline{X}$ = मध्यमाान

X = प्राप्ताङ्क

N = जम्मा सङ्ख्या

(ग) **मानक विचलन**

$$\sigma = \sqrt{\frac{\Sigma x^2}{N}}$$

σ = मानक विचलन

$\Sigma X^2$ = प्राप्ताङ्कको कुल योगको वर्ग

N = जम्मा सङ्ख्या

# अध्याय चार

# समग्र विद्यार्थीको वादविवाद लेखन क्षमता

प्रस्तुत अध्ययन महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता पहिल्याउने उद्देश्यमा आधारित रहेको छ । यस अध्ययनमा १०० जना विद्यार्थीहरूबाट आवश्यक सूचना सङ्कलन गरिएको छ  सोही सूचनाका आधारमा तथ्याङ्कको व्याख्या तथा विश्लेषण गर्दा प्राप्त तथ्याङ्कलाई प्रतिशत गणना, मध्यमान, मानक विचलन जस्ता तथ्याङ्क शास्त्रीय विधिहरूको प्रयोग गरिएको छ । प्रस्तुत शोधकार्यमा तथ्याङ्क विश्लेषणका लागि अपनाइएका विभिन्न विधि तथा प्रविधिहरूको विस्तृत विवरणका साथै चलहरूको विश्लेषित स्वरूप प्रस्तुत गरिएको छ । यहाँ ४० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्यालाई निम्न श्रेणीमा राखिएको छ । ४०-५९ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्यालाई मध्यम श्रेणीमा राखिएको छ । ६०-७९ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थीको सङ्ख्यालाई उत्तम श्रेणीमा राखिएको छ र ८० प्रतिशतभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थीको सङ्ख्यालाई अत्युत्तम श्रेणीमा राखिएको छ । यसमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको गणना प्रतिशतका आधारमा चार श्रेणीमा वर्गीकरण गरी तालिकामा प्रस्तुत गरिएको छ ।

## ४.१ समग्र विद्यार्थीको वादविवाद लेखन क्षमताको स्थिति

प्रस्तुत शोधकार्य महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको पहिचान गर्ने उद्देश्य राखिएको छ । अध्ययनका लागि महोत्तर जिल्लाको बर्दिवास नगरपालिकाका सामुदायिक र संस्थागत पाँच/पाँच गरी दशवटा विद्यालयबाट १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई १० पूर्णाङ्कको परीक्षा लिई आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । उक्त तथ्याङ्कबाट प्राप्त नतिजाका आधारमा यसरी तालिकामा प्रस्तुत गरिएको छ :

### ४.१.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीको वादविवाद लेखन क्षमताको स्थिति

प्रस्तुत शोधकार्यमा महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको पहिचान गर्ने उद्देश्यले समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका ४.१

**समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति**

| विद्यार्थी सङ्ख्या | ४० भन्दा कम प्रतिशत | | ४०-५९ प्रतिशत | | ६०-७९ प्रतिशत | | ८० भन्दा माथि प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | २७ | २७ | ५० | ५० | २० | २० | ३ | ३ |


स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तालिकाका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन अभिव्यक्ति क्षमताको समग्र विद्यार्थीहरूको लेखन क्षमता वर्गीकरण गर्दा चार श्रेणीमा छुट्याइएको छ । साथै प्रतिशत गणना पनि गरिएको छ । यसअनुसार ४० भन्दा कम वादविवाद लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या २७ रहेको छ भने जसको प्रतिशत सङ्ख्या २७ रहेको देखिन्छ । त्यसैगरी ४०-५९ प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ५० रहेको छ भने यसमा प्रतिशत सङ्ख्या ५० रहेको छ । ६०-७९ वादविवाद लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या २० रहेको छ भने जसमा प्रतिशत २० रहेको छ । त्यसैगरी ८० भन्दा माथि विद्यार्थी सङ्ख्या ३ जना छन् भने प्रतिशत सङ्ख्या ३ रहेको छ ।

समग्रमा विद्यार्थहिरूको प्राप्ताङ्कका आधारमा विद्यार्थीको प्राप्ताङ्कको ४ श्रेणीमा विभाजन गरिएको छ सो प्रतिशताङ्क सङ्ख्यालाई निम्नानुसार देखाउन सकिन्छ :

स्तम्भ चित्र ४.१

समग्र विद्यार्थीको वादविवाद लेखन क्षमताको स्थिति





माथिको चित्रमा जम्मा १०० जना विद्यार्थीहरूको प्राप्ताङ्कलाई प्रतिशतामा देखाइएको छ । जसमा ४०% भन्दा कम २७ जना, ४०-५९ प्रतिशतमा ५० जना त्यसैगरी ६०-७९ प्रतिशतसम्म २० जना र ८० प्रतिशतभन्दा माथि ३ जना रहेको छ ।

माथिको स्तम्भलाई वृत्तचित्रमा देखाउँदा :

वृत्तचित्र ४.१

समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति




माथिको वृत्त चित्रअनुसार महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्राप्ताङ्कलाई डिग्रीमा लैजादा ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या वा प्रतिशत २७ रहेको छ जसलाई डिग्रीमा निकाल्दा ९७.२ डिग्री रहेको छ भने ४०-५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ५० जना रहेका छन् जसलाई डिग्रीमा परिणत गर्दा १८० डिग्री रहेको छ । ६०-७९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या २० जना रहेका छन् जुन डिग्री अनुसार ७२ डिग्री रहेको छ । त्यसैगरी ८० प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३ जना रहेका छन् जसलाई डिग्रीमा लैजादा १०.८ डिग्री रहेको छ । यसरी हेर्दा सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूले ४० प्रतिशत २७ जनाले ल्याएका छन् भने सबैभन्दा धेरै अङ्क ८० प्रतिशतभन्दा बढी ल्याउने विद्यार्थी ३  जना रहेका छन् । सबैभन्दा धेरै विद्यार्थीले ४०-५९ प्रतिशत ५० जना विद्यार्थीले ल्याएका छन् । यसअनुसार नतिजा सन्तोषजनक रहेको मान्न सकिन्छ ।

### ४.१.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको वादविवादलेखन क्षमताको स्थिति

समग्र विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा विश्लेषण गर्ने क्रममा प्रतिनिधि नमुना विद्यार्थी सङ्ख्या जम्मा १०० जना रहेका थिए । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मापन गर्ने क्रममा मध्यमान ४.३९ र मानक विचलन १.६५ रहेको छ । समग्रमा विद्यार्थीहरूको वादविवादलेखन क्षमताको स्थिति तलको तालिकामा उल्लेख गरिएको छ :

तालिका ४.२

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीको वादविवादलेखन क्षमताको स्थिति**

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ४.३९ | १.६५ | ४९ | ४९ | ५१ | ५१ |


स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका १०० जना विद्यार्थीमध्ये मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी ४९ जना र मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी ५१ जना रहेका छन् । माथिको तथ्याङ्कअनुसार मध्यमनभन्दा माथि वादविवाद लेखन क्षमता भएका विद्यार्थीको अन्तर २ प्रतिशतले बढी रहेको छ । मध्यमानभन्दा माथि वा तल प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या १.६५ पाइन्छ । जसले गर्दा विद्यार्थीहरूको प्राप्ताङ्क विश्वसनीय रहेको मान्न सकिन्छ । महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन प्रतिशताङ्क श्रेणीका आधारमा अत्युत्तम रहेको छ ।

माथिको तालिकालाई वृत्तचित्रद्वारा अझ प्रस्ट पारिएको छ :

वृत्तचित्र ४.२

मध्यमान र मानक विचलनका आधारमा  समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति



# अध्याय पाँच

# भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति

महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा वादविवादलेखन क्षमताको स्थिति पत्ता लगाउनका लागि प्रतिनिधि जनसङ्ख्या छनोटमा १० वटा विद्यालयका १०० जना विद्यार्थीहरू रहेका छन् । जसमा नेपाली मातृभाषी विद्यार्थीहरू ५० जना र नेपाली विमातृभाषी विद्यार्थीहरू ५० जना रहेका छन् । नेपाली मातृभाषी विद्यार्थी र नेपाली विमातृभाषी विद्यार्थीहरूको व्याख्या विश्लेषण प्रतिशत, स्तम्भ चित्र र वृत्तचित्र र मध्यमान र मानक विचलनको आधारमा गरिएको छ ।

## ५.१ नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवादलेखन क्षमता

महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकाका नमुना जनसङ्ख्या छनोट गरी १० विद्यालयबाट ५० जना नेपाली मातृभाषी विद्यार्थीहरूलाई लिई उनीहरूले लेखेका वादविवादलाई आधार बनाएर नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवादलेखन क्षमताको अध्ययन गरिएको छ । नेपाली मातृभाषी विद्यार्थीहरूको प्रतिशताङ्क स्थिति निम्न तालिकामा प्रस्तुत गरिएको छ :

### ५.१.१ प्रतिशतका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

तालिका ५.१

प्रतिशतका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

| विद्यार्थी सङ्ख्या | ४० भन्दा कम प्रतिशत | | ४०-५९ प्रतिशत | | ६०-७९ प्रतिशत | | ८० भन्दा माथि प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ९ | १८ | २४ | ४८ | १४ | २८ | ३ | ६ |


स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिकाअनुसार महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता प्रतिशतका आधारमा चार (निम्न, मध्यम, उत्तम र अत्युत्तम)

श्रेणीमा विभाजन गरिएको छ। निम्न श्रेणीमा ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ९ र प्रतिशत १८ रहेको छ। मध्यम श्रेणीमा ४०-५९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २४ र प्रतिशत ४८ रहेको छ। उत्तम श्रेणीमा ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १४ र प्रतिशत २८ रहेको छ भने अत्युत्तम श्रेणीमा ८० प्रतिशतभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३ र प्रतिशत ६ रहेको छ। समग्रमा निम्न श्रेणीअन्तर्गत विद्यार्थी सङ्ख्या ९ र प्रतिशत १८ रहेको छ भने मध्यममा ४८ प्रतिशत, उत्तममा २८ प्रतिशत र अत्युत्तममा ६ प्रतिशत रहेको हुँदा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवादलेखन क्षमता राम्रो मान्न सकिन्छ।

**स्तम्भ चित्र ५.१**


**नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता**




माथिको स्तम्भ चित्रलाई वृत्तचित्रमा देखाउँदा

### वृत्तचित्र ५.१

### डिग्रीका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता




माथिको वृत्तचित्रअनुसार महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको नतिजा विश्लेषण डिग्रीअनुसार चार श्रेणीमा विभाजन गरिएको छ। निम्न श्रेणीअन्तर्गत ४० प्रतिशतभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १८ भने डिग्रीमा लैजादा ६४.८ डिग्री रहेको छ । ४०-५९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ४८ प्रतिशतलाई डिग्रीमा रूपान्तरण गर्दा १७२.८ डिग्री हुन आउँछ भने ६०-७९ प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २८ प्रतिशतलाई डिग्रीमा रूपान्तरण गर्दा १००.८ डिग्री हुन्छ । त्यसैगरी ८० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ६ प्रतिशत रहेको छ जसलाई डिग्रीमा रूपान्तरण गर्दा २१.६ हुन आउँछ। यसरी समग्रमा ४० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १८ प्रतिशत रहेको छ भने ८० प्रतिशतभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या ६ प्रतिशत रहेको छ । यसलाई नै आधार मानेर हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ।

### ५.१.२ मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवादको लेखन क्षमताको स्थिति

भाषिक आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवादलेखन क्षमताको स्थिति उक्त तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ५.२

**मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवादलेखन क्षमताको स्थिति**


| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४.९२ | १.५५ | २० | ४० | ३० | ६० |

उपरोक्त तालिकाअनुसार महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन अन्तर्गत कुल प्राप्ताङ्क २४६ रहेको छ। यसको मध्यमान ४.९२ रहेको छ भने मानक विचलन १.५५ रहेको छ । मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० र प्रतिशत ४० रहेको छ भने मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी संरुख्या ३० र प्रतिशत ६० रहेको छ । मध्यमानभन्दा माथि वा तल प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या १.५५ पाइन्छ । जसले गर्दा विद्यार्थीहरूको प्राप्ताङ्क विश्वसनीय रहेको मान्न सकिन्छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा तल ल्याउने विद्यार्थी सङ्ख्याभन्दा मध्यमानभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या धेरै भएकाले नै नेपाली मातृभाषी विद्यार्थीहरूको नतिजा राम्रो रहेको मान्न सकिन्छ।

माथिका तालिककालाई वृत्त चित्रद्वारा अझ प्रस्ट पार्न सकिन्छ :

वृत्तचित्र ५.२

मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवादलेखन क्षमताको स्थिति




## ५.२ नेपाली विमातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति

महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकाका नमुना जनसङ्ख्या छनोट गरी १० विद्यालयबाट ५० जना नेपाली विमातृभाषी विद्यार्थीहरूलाई लिई उनीहरूले लेखेका बादविवादलाई आधार बनाएर नेपाली विमातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गरिएको छ । नेपाली विमातृभाषी विद्यार्थीहरूको प्रतिशताङ्क स्थिति निम्न तालिकामा प्रस्तुत गरिएको छ :

### ५.२.१ प्रतिशतका आधारमा नेपाली विमातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

तालिका ५.३

प्रतिशतका आधारमा नेपाली विमातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता


| विद्यार्थी सङ्ख्या | ४० भन्दा कम प्रतिशत | | ४०-५९ प्रतिशत | | ६०-७९ प्रतिशत | | ८० भन्दा माथि प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १९ | ३८ | २५ | ५० | ६ | १२ | ० | ० |

स्रोत : स्थलगत अध्ययन, २०६५ ।

तालिका अनुसार ५० जना नेपाली विमातृभाषी विद्यार्थीहरू रहेका छन् । जसमा ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १९ र प्रतिशत ३८ रहेको छ भने ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २५ र प्रतिशत ५० रहेको छ । त्यसैगरी ६०-७९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६ जना र प्रतिशत १२ रहेको छ भने ८० प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० रहेको छ । समग्रमा निम्न श्रेणीअन्तर्गत ४० प्रतिशतभन्दा कम ल्याउने विद्यार्थी १९ अर्थात् ३८ प्रतिशत र ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २५ अर्थात् ५० प्रतिशत रहेकोले नेपाली विमातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।

**स्तम्भ चित्र ५.२**


**नेपाली विमातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता**




माथिको स्तम्भ चित्रलाई वृत्तचित्रमा देखाउँदा :

वृत्तचित्र ५.३

डिग्रीका आधारमा नेपाली विमातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता




प्रस्तुत वृत्तचित्र अनुसार महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्राप्ताङ्कलाई विद्यार्थी सङ्ख्या प्रतिशतका आधारमा डिग्री निकाली चार श्रेणीमा विभाजन गरी अध्ययन गरिएको छ । निम्न श्रेणीअन्तर्गत ४० भन्दा कम प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३८ प्रतिशत डिग्रीमा रूपान्तरण गर्दा १३८.८ हुन आउँछ भने मध्यम श्रेणीमा ४०-५९ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ५० प्रतिशत र डिग्रीमा रूपान्तरण गर्दा १८० रहेको छ । उत्तम श्रेणीमा ६०-७९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १२ प्रतिशत र डिग्रीमा रूपान्तरण गर्दा ४३.२ डिग्री रहेको छ। अत्युत्तम श्रेणी ८० प्रतिशतभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० रहेको छ।

समग्रमा हेर्दा निम्न श्रेणीभन्दा मध्यम श्रेणी र उत्तम श्रेणीमा अङ्क ल्याउने विद्यार्थी सङ्ख्या धेरै हुनाले नेपाली विमातृभाषी विद्यार्थीहरूको वादविवादलेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ।

### ५.२.२ मध्यमान र मानक विचलनका आधारमा नेपाली विमातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति

भाषिक आधारमा वादविवाद लेखन क्षमताको अध्ययन गर्ने क्रममा नेपाली विमातृभाषीको अध्ययन गरिएको छ। जसलाई मध्यमान र मानक विचलनको आधारमा प्रस्ट पारिएको छ।

**तालिका ५.४**

**मध्यमान र मानक विचलनका आधारमा नेपाली विमातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति**


| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३.८६ | १.४५ | १९ | ३८ | ३१ | ६२ |

माथि तालिकामा नेपाली विमातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मध्यमान र मानक विचलनअनुसार गरिएको छ। जसमा ५० जना विद्यार्थीहरूको कुल अङ्क १९३ रहेको छ । यसमा मध्यमान ३.८६ रहेको छ भने मानक विचलन १.४५ रहेको छ । मध्यमानका आधारमा ३८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल अङ्क ल्याउने रहेका छन् भने ६२ प्रतिशत विद्यार्थी सङ्ख्या मध्यमानभन्दा माथि अङ्क ल्याउने रहेका छन् । मध्यमानभन्दा माथि वा तल प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या १.४५ पाइन्छ। जसले गर्दा विद्यार्थीहरूको प्राप्ताङ्क विश्वसनीय रहेको मान्न सकिन्छ। अतः मध्यमानभन्दा कम ल्याउने विद्यार्थी सङ्ख्याको तुलनामा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी बढी भएकाले नेपाली विमातृभाषी विद्यार्थीहरूको वादविवादलेखन क्षमता उच्च रहेको मान्न सकिन्छ।

माथिको तालिकालाई वृत्तचित्रद्वारा अझ प्रस्ट पार्न सकिन्छ :

वृत्तचित्र ५.४

मध्यमान र मानक विचलनका आधारमा नेपाली विमातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति




### ५.२.३ नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययन महोत्तरी जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमतामा आधारित रहेको छ । उक्त अध्ययनमा ५० जना नेपाली मातृभाषी ५० जना नेपाली विमातृभाषी विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको छ । नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूले लेखेका वादविवादलाई आधार मानेर भाषिक आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना मध्यमानको आधारमा गरिएको छ :

तालिका ५.५

नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक स्थिति

| भाषिक पृष्ठभूमि | कुल सङ्ख्या | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| नेपाली मातृभाषी | ५० | २० | ४० | ३० | ६० |
| नेपाली विमातृभाषी | ५० | १९ | ३८ | ३१ | ६२ |

माथिको तालिकाअनुसार नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको समग्र मध्यमानलाई आधार मानेर विश्लेषण गर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको सङ्ख्या मध्यमान भन्दा तल २० वा ४० प्रतिशत छ भने मध्यमानभन्दा माथि ३० वा ६० प्रतिशत रहेको देखिन्छ । नेपाली विमातृभाषी विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा तल १९ वा ३८ प्रतिशत रहेको छ भने मध्यमानभन्दा माथि ३१ वा ६२ प्रतिशत रहेको देखिन्छ । समग्रमा हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली विमातृभाषी विद्यार्थीहरूको वादविवादलेखन क्षमता उच्च रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

# अध्याय छ

# विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन

महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको विद्यालय प्रकृतिका आधारमा वादविवादलेखन क्षमताको स्थिति पत्ता लगाउनका लागि नमुना जनसङ्ख्या छनोटमा परेका १० वटा विद्यालयका १०० जना विद्यार्थीहरू रहेका छन् । जसमा ५० जना सामुदायिक विद्यालयअन्तर्गतका विद्यार्थीहरू रहेका छन् भने ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरू रहेका छन् । सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीहरूको अध्ययनको आधारहरू प्रतिशताङ्क, स्तम्भ चित्र, वृत्तचित्र, मध्यमान र मानक विचलन रहेका छन् ।

## ६.१ संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवादलेखन क्षमता

संस्थागत विद्यालयमा कक्षा आठमा अध्ययनरत ५० जना विद्यार्थीहरूको वादविवाद विद्यार्थीहरूको प्रापताङ्कलाई चार श्रेणीमा विभाजन गरी संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थितिलाई निम्नानुसार प्रतिशताङ्क स्थितिमा तालिकामा प्रस्तुत गरिएको छ :

### ६.१.१ प्रतिशतका आधारमा संस्थागत विद्यालय विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

तालिका ६.१

प्रतिशतका आधारमा संस्थागत विद्यालय विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

| विद्यार्थी सङ्ख्या | ४० भन्दा कम प्रतिशत | | ४०-५९ प्रतिशत | | ६०-७९ प्रतिशत | | ८० भन्दा माथि प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ७ | १४ | ३० | ६० | १३ | २६ | ० | ० |


स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिकाअनुसार महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत संस्थागत विद्यालयअन्तर्गतका विद्यार्थीहरूको प्रतिशताङ्क चार श्रेणीमा विभाजन गरी प्राप्ताङ्क

विश्लेषण गरिएको छ । निम्न श्रेणीमा ४० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ७ र प्रतिशत १४ रहेको छन् । मध्यम श्रेणीमा ४०-५९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३० र प्रतिशत ६० रहेको छ । त्यसै गरी ६०-७९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १३ र प्रतिशत २६ रहेको छ भने ८० प्रतिशतभन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ० रहेको छ । समग्रमा सबैभन्दा कम निम्न श्रेणीअन्तर्गत ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ७ र प्रतिशत १४ रहेको छ भने सबैभन्दा बढी मध्यम श्रेणी अथवा ४०५९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३० र प्रतिशत ६० रहेकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।

**स्तम्भ चित्र ६.१**


**संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता**




माथिको स्तम्भ चित्रलाई वृत्तचित्रमा देखाउँदा

वृत्तचित्र ६.१

डिग्रीका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता




माथिको वृत्तचित्रअनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्कलाई विद्यार्थी सङ्ख्या प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरी अध्ययन गरिएको छ । निम्न श्रेणीअन्तर्गत ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १४ प्रतिशत डिग्रीमा रूपान्तरण गर्दा ५०.४ डिग्री हुन आउँछ । मध्यम श्रेणीअन्तर्गत ४०-५९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६० प्रतिशतलाई डिग्रीमा लैजाँदा २१६ हुन आउँछ । उत्तम श्रेणीमा ६०-७९ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २६ प्रतिशतलाई डिग्रमिा लैजादा ९३.६ हुन आउँछ । त्यसैगरी अत्युत्तम श्रेणीमा ८० प्रतिशतभन्दा बढी अङ्क ल्याउने विद्यार्थी ० रहेको पाइन्छ । यसरी डिग्रीअनुसार संस्थागत विद्यालयको अध्ययन गर्दा निम्न श्रेणीअन्तर्गत १४ प्रतिशत डिग्रीमा ५०.४ डिग्री रहेको छ भने सबैभन्दा धेरै अङ्क मध्यम श्रेणीमा ६० प्रतिशत र डिग्रीमा २१६ डिग्री रहेकोले संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

### ६.१.२ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवादको लेखन क्षमताको स्थिति

विद्यालय प्रकृतिका आधारमा महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गरिएको छ । प्रतिनिधि जनसङ्ख्याका रूपमा रहेका १०० जना विद्यार्थीहरूमध्ये ५० जना विद्यार्थीहरू संस्थागत विद्यालयअन्तर्गत रहेका छन् । जसलाई मध्यमान र मानक विचलनका आधारमा विश्लेषण निम्नानुसार गरिएको छ :

तालिका ६.२

मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवादलेखन क्षमताको स्थिति


| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४.७ | १.३५ | २१ | ४२ | २९ | ५८ |

उपरोक्त तालिकाअनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्त अङ्क जम्मा ११९६ रहेको छ भने मध्यमान ४.७ रहेको छ । त्यसैगरी मानक विचलन १.३५ रहेको छ । संस्थागत विद्यालयको प्रतिनिधि जनसङ्ख्या ५० जनामध्ये ४२ प्रतिशत विद्यार्थीहरूको वादविवादलेखन क्षमता मध्यमानभन्दा तल रहेको छ भने ५८ प्रतिशत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मध्यमानभन्दा माथि छ । मध्यमानभन्दा माथि वा तल प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या १.३५ पाइन्छ । जसले गर्दा विद्यार्थीहरूको प्राप्ताङ्क विश्वसनीय रहेको मान्न सकिन्छ । यसलाई आधार मानेर हेर्दा विद्यार्थीहरूको वादविवादलेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

माथिका तालिककालाई वृत्त चित्रद्वारा अझ प्रस्ट पार्न सकिन्छ :

वृत्तचित्र ६.२

मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवादलेखन क्षमताको स्थिति




## ६.२ सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति

महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकाका नमुना जनसङ्ख्या छनोट गरी १० विद्यालयबाट ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई लिई उनीहरूले लेखेका बादविवादलाई आधार बनाएर सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गरिएको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिशताङ्क स्थिति निम्न तालिकामा प्रस्तुत गरिएको छ :

### ६.२.१ प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता

तालिका ६.३

प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता


| विद्यार्थी सङ्ख्या | ४० भन्दा कम प्रतिशत | | ४०-५९ प्रतिशत | | ६०-७९ प्रतिशत | | ८० भन्दा माथि प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २० | ४० | २० | ४० | ७ | १४ | ३ | ६ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिकाअनुसार महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत सामुदायिक विद्यालयअन्तर्गतका विद्यार्थीहरूको प्रतिशताङ्क चार श्रेणीमा विभाजन गरी प्राप्ताङ्क विश्लेषण गरिएको छ । निम्न श्रेणीअन्तर्गत ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० र प्रतिशत ४० रहेको छ । मध्यम श्रेणी ४०-५९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २० र प्रतिशत ४० रहेको छ । उत्तम श्रेणी ६०-७९ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ७ र प्रतिशत १४ रहेको छ भने अत्युत्तम श्रेणी ८० प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३ र प्रतिशत ६ रहेको छ । समग्रमा निम्न र मध्यम श्रेणीअन्तर्गतको अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २० र प्रतिशत ४० रहेकोले सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।

**स्तम्भ चित्र ६.२**


**सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता**




माथिको स्तम्भ चित्रलाई वृत्तचित्रमा देखाउँदा :

**वृत्तचित्र ६.३**

**डिग्रीका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता**



उक्त वृत्तचित्रअनुसार महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको प्राप्ताङ्कलाई विद्यार्थी सङ्ख्या प्रतिशतका आधारमा डिग्री निकाली चार श्रेणीमा विभाजन गरी अध्ययन गरिएको छ । निम्न श्रेणी ४० प्रतिशतभन्दा तल विद्यार्थी सङ्ख्या २० प्रतिशत ४० र डिग्री १४४ रहेको छ । मध्यम श्रेणी ४०-५९ प्रतिशतअन्तर्गत विद्यार्थी सङ्ख्या २० प्रतिशत ४० र डिग्री १४४ रहेको छ । उत्तम श्रेणी ६०-७९ प्रतिशतअन्तर्गत विद्यार्थी सङ्ख्या ७ प्रतिशत १४ र डिग्री ५०.४ रहेको भने अत्युत्तम श्रेणीअन्तर्गत ८० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३ प्रतिशत छ र डिग्री २१.६ रहेको छ । समग्रमा हेर्दा निम्न अङ्क प्राप्त गर्ने र अत्युत्तम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या मध्यम रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।

### ६.२.२ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको सिथति

विद्यालयका प्रकृतिका आधारमा महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गरिएको छ । जसमा प्रतिनिधि जनसङ्ख्याका रूपमा रहेका १०० जना विद्यार्थीहरूमध्ये ५० जना विद्यार्थीहरू सामुदायिक विद्यालयअन्तर्गत रहेका छन् । जसलाई मध्यमान र मानक विचलनको आधारमा विश्लेषण निम्नानुसार गरिएको छ :

तालिका ६.४

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति**

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४.१२ | २.०३ | २८ | ५६ | २२ | ४४ |


माथिको तालिकाअनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको जम्मा अङ्क २०६ रहेको छ । मध्यमान ४.१२ रहेको छ भने मानक विचलन २.०३ रहेको छ । सामुदायिक

विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मध्यमानभन्दा तल ५६ प्रतिशत छ भने मध्यमानभन्दा माथि ४४ प्रतिशत रहेको छ। मध्यमानभन्दा माथि वा तल प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २.०३ पाइन्छ । जसले गर्दा विद्यार्थीहरूको प्राप्ताङ्क विश्वसनीय रहेको मान्न सकिन्छ । अतः मध्यमानलाई आधार बनाएर हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता असन्तुष्ट रहेको देखिन्छ।

माथिको तालिकालाई वृत्तचित्रद्वारा अझ प्रस्ट पार्न सकिन्छ :

**वृत्तचित्र ६.४**

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको स्थिति**




### ६.२.३ संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययन महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमतामा आधारित रहेको छ । उक्त अध्ययनमा ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरू र ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएको छ । संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूले

लखेका वादविवादलाई आधार मानेर संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलना मध्यमानको आधारमा गरिएको छ ।

**तालिका ६.५**

**संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको तुलनात्मक स्थिति**

| भाषिक पृष्ठभूमि | कुल सङ्ख्या | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| संस्थागत | ५० | २१ | ४२ | २९ | ५८ |
| सामुदायिक | ५० | २८ | ५६ | २२ | ४४ |

माथिको तालिकाअनुसार संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको समग्र मध्यमानलाई आधार मानेर विश्लेषण गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा तल २१ र ४२ प्रतिशत रहेको छ भने मध्यमानभन्दा माथि २९ वा ५८ प्रतिशत रहेको देखिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा तल २८ वा ५६ प्रतिशत रहेको देखिन्छ भने मध्यमानभन्दा माथि २२ वा ४४ प्रतिशत रहेको देखिन्छ । समग्रमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता उच्च रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

प्रस्तुत अध्ययन महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन सीपअन्तर्गतको स्वतन्त्र रचना हो । वादविवादलेखन मुख्य उद्देश्य स्वतन्त्र एवम् सिर्जनात्मक लेखन सीपको विकास गराउनु हो ।

यस अध्ययनको उद्देश्य प्राप्तिका लागि महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकाभित्रका १० वटा विद्यालयका १०० जना विद्यार्थीहरू नमुना जनसङ्ख्या छनोटमा परेका छन् । यसमा पाँचवटा संस्थागत र पाँचवटा सामुदायिक विद्यालयका ५०/५० जना विद्यार्थीहरू रहेका छन् । छनोटमा परेका विद्यार्थीहरूलाई आवश्यक सामग्रीका रूपमा वादविवाद लेखनका १ प्रश्न रहेका छन् । दृष्टांश अन्तर्गतको प्रश्न 'छोरीलाई अंश दिनुभन्दा शिक्षा दिनु उचित' शीर्षकमा आफ्नो तर्क प्रस्तुत गर्नुहोस् । अध्ययनकर्ताको प्रत्यक्ष सहभागितामा आवश्यक निर्देशन दिएर वादविवाद लेख्न लगाइएको छ । उक्त उत्तर पुस्तिकालाई आदि, मध्य र अन्त्यको आधारमा परीक्षण गरी निकालिएको तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रको अध्याय एकमा अध्ययन पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको सान्दर्भिक र उपादेयता, अध्ययनको परिसीमा, अध्ययनका रूपरेखा बारेमा उल्लेख गरिएको छ । यस अध्ययनको अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकनअन्तर्गत वादविवाद सम्बद्ध पुस्तकको समीक्षा, शोधपत्रको समीक्षा रहेको छ भने सैद्धान्तिक पक्षसँग सम्बन्धित, वादविवादको सैद्धान्तिक परिचय, वादविवादका संरचना, वादविवाद लेख्दा ध्यान दिनुपर्ने कुराहरू, लेखन, सीप विकासमा वादविवादको स्थान र भूमिका रहेको छ ।

अध्याय तीनअन्तर्गत अध्ययन विधि र प्रक्रिया उल्लेख गरएको छ । जसमा अध्ययन विधि, जनसङ्ख्या र अध्ययनको क्षेत्र, प्रतिनिधि नमुना, तथ्याङ्क र सङ्कलनका साधनहरू ( प्राथमिक स्रोत, द्वितीयक स्रोत), तथ्याङ्क सङ्कलन, तथ्याङ्क व्याख्या र विश्लेषण जस्ता अध्ययनका आधारहरू रहेका छन् ।

निम्न शोधकार्यको अध्याय चारअन्तर्गत महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन रहेको छ । यसमा समग्र विद्यार्थीहरूको वादविवादलेखन व्याख्या विश्लेषणको क्रममा प्रतिशताङ्क, सतम्भ चित्र, डिग्री तालिका, डिग्री चित्र र मध्यमान र मानक विचलनको आधार र वृत्त चित्र प्रस्तुत गरिएको छ ।

यस अध्ययनको अध्याय पाँचमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गरिएको छ । यसअन्तर्गत १०० जना विद्यार्थीहरूमध्ये ५० जना नेपाली मातृभाषी र ५० जना नेपाली विमातृभाषी विद्यार्थीहरूको वादविवाद लेखन क्षमता आदि, मध्य र अन्त्यका आधारमा नतिजा विश्लेषण गरी प्रतिशताङ्क, स्तम्भ चित्र, वृत्तचित्र र मानक विचलन र मध्यमानका आधारमा देखाइएको छ ।

प्रस्तुत शोधको अध्याय छमा विद्यालय प्रकृतिका आधारमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन गरिएको छ । यसमा ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरू र ५० जना सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन व्याख्या विश्लेषण प्रतिशताङ्क, स्तम्भ चित्र, डिग्री तालिका, मध्यमान र मानक विचलनका आधारमा वृत्त प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनको अध्याय सातमा सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ ।

## ७.२ निष्कर्ष

प्रस्तुत शोधपत्र “महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमता” शीर्षकमा केन्द्रित भएर तयार पारिएको छ । यस अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकाका ५ ओटा संस्थागत र ५ ओटा सामुदायिक विद्यालय गरी जम्मा १० ओटा विद्यालयका १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएको छ । खोज अनुसन्धानका क्रममा प्राप्त भएका नतिजाहरूलाई आधार मानेर निकालिएको निष्कर्ष यसप्रकार छ :

- वादविवाद लेखन क्षमताको समग्र स्थितिलाई प्रतिशताङ्कको आधारमा हेर्दा १०० जना विद्यार्थीहरूमा ४० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २७ र प्रतिशत २७, ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५० र

प्रतिशत ५०, ६०-७९ प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० र प्रतिशत २०, त्यसैगरी ८० प्रतिशतभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३ र प्रतिशत ३ रहेको छ। समग्रमा ४०-५९ प्रतिशतसम्म अङ्क ल्याउने सङ्ख्या ५० रहेको र ६०-७९ सम्म अङ्क ल्याउने प्रतिशत सङ्ख्या २० रहेकाले समग्र विद्यार्थीहरूको वादविवादलेखन क्षमता मध्यम रहेको मान्न सकिन्छ।

- डिग्रीअनुसार समग्र विद्यार्थीहरूको वादविवादलेखन क्षमताको व्याख्या विश्लेषण गर्दा ४० प्रतिशतभन्दा माथि ७३ प्रतिशत विद्यार्थीहरूले २७२.८ डिग्री प्रापत गरेकाले समग्र विद्यार्थीहरूको वादविवाद लेखन क्षमता मध्यम रहेको मान्न सकिन्छ।
- मध्यम र मानक विचलनका आधारमा हेर्दा समग्र विद्यार्थीहरूको प्राप्ताङ्क मानक विचलन १.६५ रहेको छ। मध्यमानभन्दा तल ४९ प्रतिशत र मध्यमानभन्दा माथि ५१ प्रतिशत रहेकाले समग्रमा विद्यार्थीहरूको वादविवादलेखन क्षमता मध्यम रहेको छ।
- भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवादलेखन क्षमताको प्रतिशत ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ८२ प्रतिशत रहेकाले भाषिक पृष्ठभूमिका आधारमा कक्षा आठका नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवादलेखन क्षमता उच्च रहेको मान्न सकिन्छ।
- नेपाली मातृभाषी विद्यार्थहिरूको वादविवादलेखन ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ८२ प्रतिशत रहेको छ जसलाई डिग्रीमा लैजादा २९५.२ हुन आउँछ। डिग्री अनुसार नेपाली मातृभाषी विद्यार्थहिरूको वादविवादलेखन क्षमता उच्च रहेको छ।
- मध्यमान र मानक विचलनका आधारमा नेपाली मातृभाषी विद्यार्थहिरूको प्राप्ताङ्क मानक विचलन १.५५ र मध्यमन ४.९२ रहेको छ। मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने सङ्ख्या ४० प्रतिशत र मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने सङ्ख्या ६० प्रतिशत रहेको छ। समग्रमा नेपाली मातृभाषी विद्यार्थीहरूको वादविवादलेखन क्षमता उच्च रहेको छ।

- नेपाली विमातृभाषी विद्यार्थीहरूको वादविवादलेखन क्षमताको प्रतिशताङ्क ४० भन्दा माथि १०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६२ प्रतिशत रहेकाले भाषिक आधारमा कक्षा आठका नेपाली विमातृभाषी विद्यार्थीहरूको वादविवादलेखन क्षमता सन्तोषजनक मान्न सकिन्छ ।

- डिग्रीअनुसार नेपाली विमातृभाषी विद्यार्थहिरूको वादविवाद लेखन क्षमता ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६२ प्रतिशत रहेको छ । जुन डिग्रीअनुसार २२३.२ डिग्री रहेको छ । समग्रमा डिग्रीअनुसार नेपाली विमातृभाषी विद्यार्थीहरूको वादविवादलेखन सन्तोषजनक मान्न सकिन्छ ।

- मध्यमान र मनक विचलनका आधारमा नेपाली विमातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्क मानक विचलन १.४५ र मध्यमान ३.८६ रहेको छ । मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३८ प्रतिशत र मध्यमानभन्दा माथि ६२ प्रतिशत रहेको छ । समग्रमा महोत्तरी जिल्लाको कक्षा आठमा अध्ययनरत नेपाली विमातृभाषी विद्यार्थीको वादविवादलेखन क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।

- विद्यालय प्रकृतिका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवादलेखन क्षमताको प्रतिशताङ्क ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ८६ प्रतिशत रहेको छ । प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवादलेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

- डिग्रीअनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवादलेखन क्षमता ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ८६ प्रतिशत रहेको छ । डिग्रीअनुसार ३०९.६ डिग्री हुन आउँछ । समग्रमा डिग्री अनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

- मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क मानक विचलन १.३५ र मध्यमान ४.७ रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ४२ प्रतिशत र मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने ५८ प्रतिशत रहेको छ । समग्रमा मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी

सङ्ख्या बढी भएकाले महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवादलेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

- सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता प्रतिशताङ्क ४० भन्दा माथि १०० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६० प्रतिशत रहेको छ । यसरी ६० प्रतिशतलाई आधार मानेर नतिजा विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता सामान्य रहेको मान्न सकिन्छ ।
- डिग्रीअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता ४० प्रतिशतभन्दा माथि १०० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ६० प्रतिशत रहेको छ । डिग्रीअनुसार २१६ डिग्री हुन आउँछ । समग्रमा डिग्रीअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूको वादविवाद लेखन क्षमता सामान्य रहेको मान्न सकिन्छ ।
- मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क, मानक विचलन २.०३ र मध्यमान ४.१२ रहेको छ । मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ५६ प्रतिशत र मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने ४४ प्रतिशत रहेको छ । समग्रमा मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बढी भएकाले महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीहरूको वादविवादलेखन क्षमता असन्तुष्ट देखिन्छ

## ७.३ उपयोगिता

भाषाका चार सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मध्ये लेखाइ सीप निकै महत्त्वपूर्ण सीप हो । लेखाइ सीप विकासका लागि वादविवादलेखन पनि विशिष्ट कार्यकलापअन्तर्गत पर्दछ । वादविवाद लेखन गर्दा पहिला सम्बोधन गरिन्छ । त्यसपछि आफ्नो शीर्षकमा पक्ष र विक्षमा तर्कवितर्क प्रस्तुत गरिन्छ । विपक्षीका तर्कहरूलाई खण्डन मण्डन गर्दै आफ्ना तर्कहरू प्रस्तुत गरिन्छ । मौखिक रूपमा अभिव्यक्त गर्ने वादविवादलाई लिखित रूपमा उतार्नु अवश्य पनि जटिल कार्य हो । लेखाइ र बोलाइ भाषाका प्रदानात्मक सीप हुन् जसले विचारको सम्प्रेषण गर्दछ भने सुनाइ र पढाइ भाषाको आदानात्मक सीप हुन् । वर्तमान समयमा वादविवाद लेखन क्षमताको शैक्षणिक प्रयोजन नीतिगत तह र प्रयोगगत तहमा यसको उपयोगिता उत्तिकै महत्त्वपूर्ण छ । अतः प्रस्तुत अध्ययनको उपयोगिता निम्नानुसार रहेका छन् :

### ७.३.१ नीतिगत तह

अहिलेको परिवेशमा वादविवाद लेखन क्षमताको नीतिगत उपयोगिता निकै महत्त्वपूर्ण मानिएको छ । वादविवादले कुनै पनि विषयमा तर्कवितर्क प्रस्तुत गर्न र विपक्षीका तर्कहरूलाई खण्डनमण्डन गर्नका लागि वादविवाद लेखनको महत्त्व रहेको छ। अतः नीतिगत तहमा वादविवाद लेखनका उपयोगितालाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- नेपाली भाषको विकास गर्न,
- नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकलाई समय सापेक्ष बनाउन,
- विद्यालय तहका पाठ्यपुस्तकहरू निर्माण गर्दा विद्यार्थीहरूको मनोविज्ञानलाई ख्याल गरी उनीहरूको रुचि अनुसारको पाठ्यपुस्तकको निर्माण गर्न,
- भाषा पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यपुस्तकमा समावेश गरिने भाषाका सीपहरू विद्यार्थीहरूको विविधता हेरी समावेश गर्न,
- भाषा शिक्षणका नयाँ विधि तथा पद्धतिको बारेमा नीति बनाउन,
- आधारभूत तहमा वादविवाद शिक्षणको महत्त्वका बारेमा शिक्षक शिक्षिका र सम्बन्धित विद्यालयका प्र.अ.लाई जानकारी गराउन,
- भाषा पाठ्यपुस्तकमा वादविवाद लेखन शिक्षणको अपरिहार्यतालाई दर्साइ वादविवाद लेखन अभिवृद्धि गर्न ।

### ७.३.२ प्रयोगात्मक तह

वादविवाद लेखन विद्यालय तहमा प्रयोगमा ल्याइनुपर्दछ अथवा आधारभूत तहमा पाठ्यक्रममा पनि अनिवार्य रूपमा समवोश गरी पठनपाठनमा ल्याउनुपर्दछ । विद्यार्थीहरूको लेखन क्षमताका साथै स्वतन्त्र सिर्जनात्मक लेखन कलाको विकासका लागि पनि वादविवाद लेखनको महत्त्व रहेको पाइन्छ । वादविवाद लेखनका उपयोगिताहरूलाई निम्नलिखित बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ :

- विद्यालय तहमा वादविवाद शिक्षण गर्नुको मूल उद्देश्य मौखिक तथा लिखित सीपको विकास गर्नु भएकाले तार्किक तथा बौद्धिक क्षमताको विकास गर्न प्रस्तुत अध्ययनबाट सहयोग मिल्ने छ ।
- विद्यार्थीहरूको वादविवाद लेखन जस्तै भाषिक सीपसँग सम्बन्धित अन्य खालका अनुसन्धान गर्नका लागि प्रस्तुत अध्ययनको सहयोग मिल्नेछ ।

- यस अध्ययनले विद्यार्थीहरूको लेखाइ क्षमता मूल्याङ्कन गरी कक्षा शिक्षणमा सहयोग मिल्नेछ ।
- यस अध्ययनबाट विद्यार्थीहरूको वादविवाद लेखनमा सम्बोधन, विषय प्रवेश, विषयवस्तुको तर्कपूर्ण, प्रस्तुति, मौलिकता, भाषिक शुद्धता, निष्कर्ष आदि पक्षमा ध्यान दिई वादविवाद लेख्नुपर्ने वा बोल्नुपर्ने रहेछ भन्ने सुझको विकास गर्न सहयोग मिल्नेछ ।
- यस अध्ययनले विद्यार्थीहरूमा लिखित तथा मौखिक अभिव्यक्तिका साथै तार्किक भावनाको विकास गर्ने कार्यमा सहयोग मिल्नेछ ।
- लेखाइ क्षमताको मूल्याङ्कन गर्न सहयोग मिल्नेछ ।
- विद्यालय तहमा नेपाली भाषा शिक्षण गर्दा विषय शिक्षकले अपनाउनुपर्ने भाषिक सचेतनाका बारेमा प्रस्तुत अध्ययनले स्पष्ट गरेको छ ।
- भाषा शिक्षणका विधि तथा पद्धतिमा पनि थप सहयोग गर्नेछ ।
- वादविवाद लेखन क्षमतासँग सम्बन्धित अन्य अनुसन्धान अध्ययनका लागि आधार बन्नेछ ।

## ७.४ भावी शोधका निम्ति शीर्षक

- कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको अध्ययन
- कक्षा आठ र नौमा अध्ययनरत विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययन
- सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको तुलनात्मक अध्ययन

## सन्दर्भ सामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०६३), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०६१), प्रयोगात्मक नेपाली शब्दकोश, काठमाडौँ : विद्यार्थी प्रकाशन ।

काफ्ले, हरिप्रसाद (२०६८), *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, पवित्रा (२०६७), *सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

चन्द, सुसन (२०७१), *काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, कमला (२०७३), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

दाहाल, दुर्गाप्रसाद र निरौला, कृष्णप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

धिताल, मधुसूधन (२०६९), *सिन्धुपाल्चोक जिल्लामा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६९), *आधारभूत शिक्षा पाठ्यक्रम,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पोखेल, छलादेवी (२०६६), *झापा जिल्लाका कक्षा आठ उत्तीर्ण गरेका विद्यार्थीहरूको वादविवाद लेखन अभिव्यक्ति क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, तीर्थराज (२०६५), *कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०७०), *भाषिक विधा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

भट्टराई, रामप्रसाद (२०७५), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

लामिछाने, यादवप्रकाश (२०६४), *नेपाली भाषा शिक्षण परिचय,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गोविन्दप्रसाद (२०६९), बाग्लुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, मोहनराज (२०६३), *शब्द, रचना र वर्णविन्यास (अभिव्यक्ति र साहित्य),* काठमाडौँ : काठमाडौँ बुक सेन्टर, भोटाहिटी ।